वर्ष : १५, अंक : ६, काठमाडौं, २०७६ जेठ १० गते शुक्रबार, 24 May 2019, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com

## सीकेलाई दल दर्ताको प्रमाणपत्र



काठमाडौं । डा.सीके राउत नेतृत्वको जनमत पार्टी निर्वाचन आयोगमा दर्ता भएको छ । निर्वाचन आयोगले उक्त पार्टीलाई दर्ता गर्ने निर्णय जेठ ६ गते गरेको हो । आयोगले राउतलाई दल दर्ता प्रमाणपत्र पनि दिएको छ । उनको पार्टीको दर्ता नम्बर १५० रहेको छ । सीके राउतको पार्टीको कार्यालय भक्तपुरको सूर्यविनायक उल्लेख गरिएको छ । पृथकतावादी आन्दोलनमा रहेका राउत सरकारसँग फागुन २४ गते ११ बुँदे सम्झौता गर्दै मूलधारको राजनीतिमा फर्किए पछि आयोगमा दर्ता गरिएको हो । त्यसपछि उनले जनमत पार्टी गठन गरी निर्वाचन आयोगमा दल दर्ताको आवेदन दिएका थिए ।

## मधेशी सांसदले मागे माफी

काठमाडौं । समाजवादी पार्टी नेपाल र राजपा नेपालका सांसदहरूले तिब्बतसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनमा भूलबस पुगेको भन्दै क्षमायाचना गरेका छन् । समाजवादी पार्टीका सांसद प्रदीप यादव र राजपाका सांसद एकवाल मियाँले एक प्रेस विज्ञप्ति जारी गर्दै गत बैशाख २४ देखि २८ गतेसम्म लाट्भियाको राजधानी रिगामा आयोजना गरिएको सातौं विश्व तिब्बतबारे संसदीय सम्मेलनमा भूलबश पुगेको दावी गरेका छन् ।

उनीहरूले व्यक्तिगत हैसियतमा निजी तबरबाट टर्की, स्वीट्जरल्याण्ड र लाट्भियाको भ्रमणमा गएको र लाटभियाको राजधानी रिगामा कानून निर्माताहरूको अन्तर्राष्ट्रिय सम्मेलन हुन गइरहेको भन्ने गलत सूचनाका कारणले अज्ञानतावस उक्त सम्मेलनमा सहभागी हुन पुगेको स्पष्ट पारेका छन् । 'जब हामीलाई उक्त सम्मेलनको सम्बन्धमा यथार्थ जानकारी भयो, तत्पश्चात हामी तत्काल उक्त सम्मेलन स्थल छोडी फर्कियौं । अनभिज्ञताबस गलत सूचनाको कारणबाट उक्त सम्मेलनमा हाम्रो सहभागिता हुन गएकोप्रति हामी दु:खी छौं,'-विज्ञप्तीमा भनिएको छ ।

उनीहरूले नेपालको संविधान, प्रचलित कानूनले निर्धारण गरेका अन्तर्राष्ट्रिय सम्बन्ध तथा नेपाल सरकारको एक चीन नीतिप्रति सदैव प्रतिबद्धता र दृढ समर्थन रहेको उल्लेख गरेका छन् । साथै प्रतिनिधिसभाका सदस्यले पालना गर्नुपर्ने आचार संहितालाई पूर्णरूपमा पालना गर्ने उनीहरूले बताएका छन् ।

## भारतमा मोदीको पुनोर्दय

# दिल्लीमा बन्ने नयाँ सरकारको प्रभाव नेपालमा पनि

**मधेशवाणी डेस्क**

काठमाडौं । भारतमा लोकसभा चुनावको मतपरिणामका अनुसार प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा रहेको एनडीएले दोस्रोपटक कार्यकाल चलाउने लक्षण स्पष्ट देखिएको छ ।

अहिलेको ट्रेन्ड हेर्दा नरेन्द्र मोदीकै पक्षमा लहर देखिएको छ । भाजपाले हिन्दी केन्द्रभूमि अर्थात् उत्तर प्रदेश, बिहार र राजस्थानमा राम्रो प्रदर्शन गरेको छ । उसले पूर्व र पश्चिमका राज्यमा पनि राम्रो प्रदर्शन गरेको छ । भाजपा अध्यक्ष अमित शाहले भाजपालाई उडिसा र पश्चिम बंगालमा पार्टीको जनाधार बढाउनमा आफ्नो ध्यान केन्द्रित गरेका थिए र उनको मेहनत खेर नगएको देखिन्छ ।

भाजपाविरोधी खेमाका लागि सबभन्दा निराशाजनक प्रदर्शन उत्तर प्रदेशमा रह्यो । त्यहाँ सपा, बसपा र आरएलडीले महागठबन्धनले भाजपालाई कडा टक्कर दिने अपेक्षा गरिएको थियो । उत्तर प्रदेश कब्जा गर्ने दलले देश चलाउँछ भन्ने मान्यता भारतीय राजनीतिमा छ । यूपीमा भाजपाले यसपालि पनि भारी बहुमत ल्याएको छ ।

सात चरणमा सम्पन्न चुनावमा मोदीले राजनीतिक परिदृश्यमा प्रभुत्व जमाएका छन् । भाजपाले उनको मजबुत तथा निर्णायक नेताको छविलाई नै जोड दिएर प्रचार गरेको थियो । राष्ट्रिय सुरक्षाका विषयमा मोदी जस्तो निर्णायक नेता आवश्यक भएको भाष्य निर्माण गरिएको थियो । कतिपय राज्यमा भने भाजपाले हिन्दू गर्वको पैरवी गरेको थियो र त्यो नै मतदानमा प्रतिबिम्बित भएको देखियो ।

भाजपाले यस पटकको निर्वाचनमा मुलत: हिन्दूवादी नारामा लडेको देखिन्छ । त्यस्तै भाजपाले चुनाव नजिकिदै गर्दा पाकिस्तान विरोधी भाषणबाजी पनि चर्काएको थियो । पाँच वर्ष शासन गरेर निर्वाचनमा होमिएको पार्टी निर्वाचनमा जाँदा आफूले गरेको कामभन्दा अन्य मुद्दामा केन्द्रित हुँदा पनि विपक्षी पार्टीले भाजपाको मुद्दालाई 'काउन्टर' दिन गरी गतिलो रणनीति अघि सार्न सकेनन् ।

यस पटक प्रमुख प्रतिपक्षी पार्टी कंग्रेसका अध्यक्ष राहुल गान्धीले भाजपालाई बलियो टक्कर दिने आकंलन गरिएको थियो । भाषण कलामा सुधार गरेका र राजनीतिक रूपमा प्रतिभावान बहिनी प्रियकांलाई पद दिएरै निर्वाचनमा सारेको भए पनि त्यो पर्याप्त भएन ।

निर्वाचन अघि केही महत्वपूर्ण राज्यमा गठबन्धन निर्माण नगर्नु उनको सबैभन्दा ठूलो भूल सावित भयो । सबैभन्दा धेरै संसदीय सिट भएको उत्तर प्रदेशमा कंग्रेस 'महागठबन्धन'मा सामेल हुन सकेन । त्यस्तै दिल्लीको आम आदमी पार्टी र बंगालको त्रिमुल कंग्रेससँग पनि गठबन्धनको लागि प्रयाप्त प्रयास गरेको देखिएन ।

**जीतको रहस्य**

विजेपीको पुनरउदयबाट गठबन्धनको राजनीति परास्त भएको छ । उत्तर प्रदेश, बिहार, महाराष्ट्र र कर्नाटक जस्ता राज्यमा विपक्षी दलले गठबन्धन बनाएर भारतीय जनता पार्टीविरूद्ध चुनावी प्रतिस्पर्धा गरेका थिए । तर विपक्षीका सबै समीकरण मोदीको आकर्षणका अगाडि धराशायी भएको छ । गठबन्धन पनि असफल भयो अनि जातीय समीकरण पनि असफल भएको छ ।

नरेन्द्र मोदीको मजबूत नेताको छविले उनलाई देशभरि सर्वमान्य नेताका रूपमा प्रस्तुत गरेको हो । नोटबन्दी, जीएसटी तथा आतंकवादविरूद्ध उनका कडा फैसलाले उनलाई मजबूत नेताको छवि दिलायो । विपक्षीहरू मोदीका अगाडि असहाय देखिए । यसले पनि भाजपा र एनडीएलाई भोट दिलायो ।

चुनावमा प्रधानमन्त्री मोदीले राष्ट्रवादको नारा दिएका थिए । लगभग सबै चुनावी सभामा मोदीले राष्ट्रवादको मुद्दा उठाए । आतंकवादीहरूका विरूद्ध सरकारको कडा कदमको उल्लेख गरियो ।

पुलवामामा आतंकवादी आक्रमणपछि भारतीय वायुसेनाले पाकिस्तानको बालाकोटमा हवाई आक्रमण गरेर प्रधानमन्त्री मोदीको छविलाई थप बलियो बनायो । भारतीय वायुसेनाले पाकिस्तानमा



पसेर आतंकवादीहरू बसेको ठाउँ ध्वस्त पारेपछि मोदीको कदमलाई प्रशंसा गरियो । चुनावका बेलामा मोदीले यो आक्रमणको अत्यधिक चर्चा गरे र बलियो सरकार चलाएको भन्दै विपक्षीलाई तारो बनाए ।

केन्द्रीय सरकारले ल्याएको योजना आयुष्मान भारत, उज्जवला, किसान सम्मान निधि, स्वच्छ भारत अभियानअन्तर्गत शौचालय निर्माण जस्ता योजनाले धरातलीय स्तरमा भाजपाको पक्षमा मतदाताहरूलाई आकर्षित गरेको छ । यी योजनाहरूको धरातलीय स्तरमा कार्यान्वयन र यिनमा भ्रष्टाचार नहुँदा पनि एनडीएलाई फाइदा भयो । मोदीले चुनाव प्रचारमा केन्द्रका यी योजनालाई बारम्बार उल्लेख गरे ।

प्रधानमन्त्री मोदीका अगाडि विपक्ष विकल्पहीन रह्यो । उनको टक्करमा कोही नेता नै भएन । कांग्रेस अध्यक्ष राहुल गान्धीले कुनै चुनौती नै प्रस्तुत गर्न सकेनन् । विपक्षीहरूबीचको कलहले मोदीलाई फाइदा भयो ।

**नेपालमा प्रभाव**

विश्वमै ठूलो अर्थतन्त्रको रूपमा उदाउँदै गरेको भारतको निर्वाचनको मतपरिणाम नेपालमा मात्र होइन, दक्षिण र मध्यपूर्व एसियादेखि अमेरिकासम्म

बाँकी अन्तिम पृष्ठमा

## मोदीलाई ओली, प्रचण्ड र महतोको बधाइ

काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओलीले भारतीय समकक्षी नरेन्द्र मोदीलाई लोकसभा चुनावमा विजयी भएकोमा बधाइ दिएका छन् । भारतमा भएको निर्वाचनमा देशैभर प्रधानमन्त्री मोदीको दलले ठूलो मतान्तरसहित अग्रता कायम गरेको छ । प्रधानमन्त्री मोदी र उनको दल बहुमतसहित पुन: निर्वाचित हुने निश्चित देखिएपछि प्रधानमन्त्री ओलीले ट्विट गर्दै बधाई दिएका हुन् । 'प्रधानमन्त्री नरेन्द्र मोदीजीलाई लोकसभा चुनाव २०१९ मा प्राप्त गरेको चुनावी जीतका लागि बधाई दिन्छु', ट्विटरमा प्रधानमन्त्री ओलीले लेखेका छन्, 'आगामी दिनमा सफलताको कामना गर्छु । निकट सम्बन्धमा रहेर काम अघि बढाउन प्रतीक्षारत छु ।' यस्तै पूर्वप्रधानमन्त्री तथा नेकपा अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले पनि भारतका प्रधानमन्त्री मोदी र उनको पार्टी भारतीय जनता पार्टीलाई बधाई दिएका छन् ।लोकसभा निर्वाचन-२०१९ मा भारी मतका साथ विजयी भएको भन्दै प्रचण्डले बधाई तथा शुभकामना दिएका हुन् । यस्तै प्रधानमन्त्री केपी शर्मा ओलीले पनि भारतीय समकक्षी नरेन्द्र मोदीलाई बधाई दिएका छन् । यसैगरी, राजपा नेपालका अध्यक्ष मण्डलका सदस्य राजेन्द्र महतोले पनि पूर्ण नतिजा नआउँदै भारतीय प्रधानमन्त्रीलाई बधाई दिएको छ । महतोले आफ्नो फेसबुकमा स्टाटस पोष्ट गर्दै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई बधाई दिएका हुन । महतोले फेसबुकमा लेखेका छन्, 'मित्र राष्ट्र भारतमा लोकसभा निर्वाचनको मतगणनामा उत्साहजनक नतिजा हासिल गर्दै पुन: प्रधानमन्त्री बन्दै नरेन्द्र मोदी र उँहाको पार्टी भारतीय जनता पार्टीलाई हार्दिक बधाईको साथै पूर्ण सफलताको कामना गर्न चाहन्छु ।'

## आन्दोलन गर्ने चेतावनी

काठमाडौं । पूर्वगृहराज्यमन्त्री मो.रिजवान अन्सारी नेतृत्वको नेपाल संघीय समाजवादी पार्टीले आन्दोलन गर्ने चेतावनी दिएको छ । अध्यक्ष अन्सारीले बुधबार एक विज्ञप्ति जारी जनताका हरेक मौलिक हक अधिकार कटौती गर्दै लैजाने सरकारको निरंकुश रवैयाको भर्त्सना गरेका छन् । सरकारले विभिन्न समुदायका चाडपर्वको राष्ट्रिय बिदा कटौती गरेको भन्दै गम्भीर आपत्ति जनाउँदै कटौती भएका बिदालाई सरकारले राष्ट्रिय विदाअनुरूप समानुपातिक विदा व्यवस्थापन गर्न माग गरेका छन् ।

उत्पीडित जनताका जायज मागहरूलाई संविधानमार्फत सुनिश्चित गर्नका लागि संविधानको संशोधन वा पुनर्लेखन अपरिहार्य रहेको अन्सारीले बताएका छन् । उनले संविधानलाई आम नेपाली जनताको अपनत्व र स्वामित्वको अनुभूति गराउन अविलम्ब संविधान संशोधन वा पुनर्लेखन गर्न सरकारसँग माग गरेका हुन् । यी मागहरू पूरा नभए चरणबद्ध आन्दोलन घोषणा गर्ने चेतावनी उनले दिएका छन् । आगामी १७ गते नारा जुलुससहित प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाउने र भद्रकालीमा धर्ना बस्ने जानकारी दिएका छन् । सोही दिन विभिन्न जिल्ला प्रशासन कार्यालयमार्फत् पनि ज्ञापनपत्र दिने र धर्ना बस्ने जनाइएको छ ।

## राजपा अब अध्यक्षात्मक प्रणालीमा जाने



काठमाडौं । पार्टी गठनदेखि चक्रिय प्रणालीमा नेतृत्व गर्दै आएको राजपा नेपालले विधान संशोधन गरी अध्यक्षात्मक प्रणालीमा जाने भएको छ । तर यो प्रणाली पार्टीको आगामी महाधिवेशन पछि मात्र लागू हुनेछ । हाल अध्यक्षमण्डलबाट सञ्चालनमा रहेको पार्टी महाधिवेशनपछि भने एकमात्र अध्यक्ष प्रणालीमा सञ्चालन हुने भएको हो । राजपाको गत हप्ता सम्पन्न अध्यक्षमण्डलको बैठकले विधान संशोधन गर्दै अध्यक्ष प्रणालीमा जाने व्यवस्था गरेको हो । राजपाको विधानको धारा ३१ (१२)मा यसअघि महधिवेशन पछि पनि अध्यक्ष मण्डलको व्यवस्था रहेकोमा उक्त व्यवस्था संशोधन गरेर महाधिवेशन पछि अध्यक्ष मण्डल नरहने र पार्टी अध्यक्ष प्रणालीमा सञ्चालन हुने लेखिएको छ । यसअघि कुनै पनि तल्लो तहमा निर्वाचित सदस्य, पदाधिकारीहरूलाई माथिल्लो तहमा उम्मेदवारी दिँदा आफ्नो तल्लो तहको पदबाट राजीनामा दिनुपर्ने व्यवस्था नरहेकोमा अब त्यस्तो अवस्थामा राजीनामा अनिवार्य गरिएको छ । त्यसैगरी पार्टीको कुनै पनि तह वा स्तरमा समितिहरू बनाउँदा राजपा नेपालमा एकीकृत ६ वटै दलको सम्बन्धित स्तरका कार्य समितिमा अपसी सहमतिको आधारमा मात्रै गठन गर्ने प्रावधान रहेकोमा यो उपधारा हटाइएको राजपाले जनाएको छ ।




**समय-सन्दर्भ**

जयकृष्ण गोइत



# बुद्धको समयमा थिएन नेपाल

**जुनवेला कपिलवस्तु राज्यमा शाक्यवंशी राजाहरू थिए, त्यसवेला नेपालको उद्भव भएको थिएन । यदि उद्भव भएको हुन्थ्यो भने नेपाली इतिहासकारहरूले इतिहासमा कपिलवस्तुको उत्तरमा नेपाल लेखेको हुन्थे ।**

२५६३ औं बुद्ध जयन्तीको अवसरमा सर्वप्रथम शान्तिका नायक भगवान बुद्धलाई शत शत नमन गर्न चाहन्छु । कपिलवस्तुको उत्पत्तिका सम्बन्धमा विभिन्न प्रकारका कथाहरू प्रचलित भएको पाइन्छ । यस्तै कथाहरूमध्ये एउटा कथा दिग्घनिकाय र सुमङ्गल विलासिनी नामका प्रसिद्ध बौद्ध ग्रन्थमा उल्लेख गरिएको छ । यस ग्रन्थ अनुसार दशौं शताब्दी ईसापूर्व कौशल राज्यका राजा इक्ष्वाकुवंशी वोक्काक थिए । राजाले आफ्नी कान्छी रानीको राजकुमारलाई राज्य दिन जेठीपट्टिका चार राजकुमार तथा पाँच राजकुमारीहरूलाई राज्यबाट निर्वासित गरी दिए । कौशल राज्यका यी निर्वासित राजकुमार तथा राजकुमारीहरू उत्तरतिर भौंतारिँदै सघन जंगलको माझमा कपिलमुनिले तपस्या गरेको स्थलनेर पुगेर रोकिए । कपीलमुनिले यिनीहरूको वृत्तान्त सुनेपछि केही समयसम्म आश्रममा नै रहन दिए । पछि कपिलमुनिले यिनीहरूलाई त्यहीँ बस्ती बसाउन अनुमति दिए । यिनीहरूले त्यहाँको जंगल फाँडेर बस्ती बसाले । शाकवृक्ष फँडानी गरी बस्ती बसाउने भएको हुनाले उनीहरूको वंशको नाम त्यसै वृक्षको नामबाट शाक्य रहन गयो । कपिलमुनिको अनुमतिले बसाईएको बस्ती भएको हुनाले यसको नाम कपिलवस्तु रहन गयो । राजकुमार अल्कामुख शाक्य वंशको स्थापक राजा भए ।

छैठौं शताब्दी ई.पू.मा गण्डकी नदी र राप्ती नदीबीच शाक्य र कोलीय गरी दुई महत्वपूर्ण जनपद वा गणराज्य थिए । त्यस वेला कपिलवस्तुका निर्वाचित राजा शाक्य वंशी शुद्धोधन थिए । यिनको विहे कोलीया गणराज्यकी राजकुमारी मायादेवी सित भएको थियो । त्यस युगको प्रथा अनुसार प्रसवको लागि महिला माइतीघर जान्थिन । समय नजिक आउँदा प्रथा अनुसार प्रसवको लागि गर्भवती मायादेवीलाई पनि माइती पठाउने राजदरवारद्वारा व्यवस्था गरियो । ई.पू. ५६३मा बैशाख पूर्णिमाको दिन केही दासी, सेनाआदि सहित मायादेवीको यात्रा कोलीय राज्यको राजधानी देवदहको लागि प्रारम्भ भयो । तर कपिलवस्तुबाट लुम्बिनी जंगलमा पुग्दा अकस्मात मायादेवीलाई प्रसव पीडा असह्य भयो । दासीहरूले सुन्दर पुष्पयुक्त रूख तल मायादेवीको विश्रामको व्यवस्था गरिन् । त्यही मायादेवीले एउटा दिव्य बालकको जन्म दिइन, जसको नाउँ सिद्धार्थ राखियो । सात दिनपछि नै मायादेवी आफ्ना पुत्रलाई छाडी परलोक भइन । त्यसपछि सानी आमा महाप्रजापति गौतमीले सिद्धार्थको पालन पोषण गरिन् । यसैले सिद्धार्थको नाउँ 'गौतम' पनि हुन गयो ।

वाल्यकालदेखि नै गौतमको ध्यान आध्यात्मिक चिन्तनमा थियो । अल्पायु मै यिनको बिहे यशोधरासित भयो, जसबाट राहुल नामक एउटा पुत्र भयो । तर पारिवारिक जीवनमा यिनको मन लागि रहेको थिएन । यिनी मानिसको संसारिक दु:ख हेरेर द्रवित हुन्थे र दु:खको निवारणको उपाय सोच्न थाल्दथे ।

बृद्ध, रोगी, शव र सन्यासी हेर्नु सामान्य कुरा हो । तर बौद्ध साहित्यअनुसार सिद्धार्थको जीवनमा यी चार दृश्यको ठूलो असर परेको थियो । यसबाट उनी जीवनदर्शनबारे सोच्न बाध्य भए । यी दृश्यहरूबाट यिनको हृदयमा यस्तो असर पर्‍यो, जसबाट उनले यो शरीर, युवावस्था र संसारको सबै सुखलाई क्षणिक र सम्पूर्ण संसारलाई दु:खमय हेर्न थाले । यस्तै चिन्तनले गर्दा २९ वर्षको उमेरमा आषाढ महिनाको पूर्णिमाको राति एक वर्षका छोरा राहुल, पत्नी यशोधरा, बुवा शुद्धोधन, पालनपोषण गर्ने आमाका साथै राजपाठ समेत त्याग गरी सत्य र ज्ञानको खोजीको लागि प्रस्थान गरे अर्थात् गृहत्याग गरे । बौद्ध साहित्यमा गृहत्यागको घटनालाई 'महाभिनिष्क्रमण' भनिन्छ । सिद्धार्थले सन्यासी जीवन प्रारम्भ गरे । सात वर्षको अथक प्रयासपछि ३५ वर्षको उमेरमा बोधगयाको एउटा पीपलको रूख तल उनलाई ज्ञान प्राप्त भयो । त्यसवेला देखि उनी बुद्ध अर्थात् प्रज्ञावान भए ।

गौतम बुद्धले आफ्नो ज्ञानको प्रथम प्रवचन वाराणसीको सारनाथ नामक ठाउँमा गरे । उनको धर्म प्रचारको कार्यमा उँच-नीच, धनी-गरीब, स्त्री-पुरूषबीच

बाँकी पृष्ठ २ मा



## सम्पादकीय



# मधेश र स्थानीय तह

सिंहदरबारको अधिकार गाउँ-गाउँमा भन्ने नाराका साथ स्थानीय तह गठन भएको लगभग दुई वर्ष भइसकेको छ। तर, जनताले त्यसको अनुभूति गर्न पाएका छैनन्। विकासको योजना बनाउँदा समानुपातिक भन्दा पनि वर्गीय आधारमा बनाउनु आवश्यक हुन्छ। स्थानीय नागरिकको आवश्यक्ता पहिचान गरेर बनाईएको योजना मात्र दिगो विकासको आधार बन्न सक्छ।

भौतिक पुर्वाधारको विकासका साथै स्वास्थ्य-शिक्षाजस्ता आधारभूत अधिकारको प्रत्याभूति पनि स्थानीय तहकै जिम्मेवारीमा परेको छ। नयाँ संविधानले न्यायिक अधिकारदेखि प्रहरी, सहकारी संस्था, एफएम सञ्चालन, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाई लगायतका कामको जिम्मेवारी दिएको छ। घर, जग्गाधनी पूर्जा वितरण, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन, बेरोजगारको तथ्याङ्क सङ्कलन, कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण, भाषा, संस्कृति र ललितकलाको संरक्षणको अधिकार स्थानीय तहका हुन्। गाउँ र नगरपालिकाले स्थानीय तहको विकास निर्माणका लागि आयस्रोतका रूपमा सम्पत्ति कर, घरबहाल कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर, दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत संकलन तोकिएका छ।

संविधानले गाउँ र नगरपालिकालाई पहिलेको भन्दा बढी जिम्मेवारी तोकेको छ र आफ्नो कार्यविधि र कानुन बनाएर लागू गर्ने अधिकार दिएको छ। तर, जिम्मेवारी पूरा गर्न आवश्यक आम्दानीका स्रोत कम छन्। यसरी हेर्दा स्थानीय तह प्रदेश र संघको अनुदानमा बढी निर्भर रहनुपर्ने छ, जसले गर्दा यिनको स्वायत्ततामा आँच आउन सक्छ। संविधानले तोकेका अधिकार र जिम्मेवारी पूरा गर्न आन्तरिक आयस्रोत परिचालन प्रभावकारी बनाउनै पर्दछ।

जनतालाई जागरूक र अधिकारबाट सचेत बनाउने जिम्मेवारी पनि जनप्रतिनिधिहरू कै हो। त्यसैले स्थानीय तहबाट प्रदान गरिने सेवा र काम गर्ने तरिकामा पनि एकरूपता ल्याउन सकेमा सबै नागरिकले पाउने सेवामा समानता देखिने छ। जिल्ला समन्वय समितिले देखाएको चासो र गरिरहेको यस किसिमको समन्वयलाई कायम राख्दै भावी दिनमा पनि सेवाप्रवाहमा जिल्लाभित्रका स्थानीय तहबीच एकरूपता र सहजता स्थापित गर्नु अनिवार्य छ।

**चैत १७ गते बारा र पर्साका केही गाउँमा आएको आँधीले पूरै तहसनहस बनाएको थियो। त्यस विपत्तको समयमा स्थानीय तहको प्रभावकारिता खट्किएको थियो।**

मधेशको चर्चा गर्ने हो भने स्थानीय तहहरूले प्रभावकारी काम गर्न सकेका छैनन्। स्थानीय तहमा भ्रष्टाचारको समस्या गम्भीर रूपमा अगाडि आएको छ। सुशासनमा स्थानीय सरकार अपेक्षाअनुरूप अगाडि बढ्न सकेको छैन। विविध समस्या भए पनि स्थानीय तहका यी दुई वर्षको अवधि कम महत्वपूर्ण भने छैन। स्थानीय लोकतन्त्र र संविधानले परिकल्पना गरेको सबल स्थानीय सरकारको जग बसाउने प्रयास भएको छ तर केही कमी कमजोरी भने अवश्य छन्।

यद्यपी स्थानीय सरकारको दुई वर्षको काम हेर्दा निराश हुनुपर्ने अवस्था छैन। समस्याका रूपमा देखिन थालेका राजनीतिक विवाद, भ्रष्टाचार, जनशक्ति र पूर्वाधारको कमी, आन्तरिक स्रोत परिचालनलाई बेवास्ताजस्ता समस्या समाधान गर्दै अगाडि बढ्ने हो भने स्थानीय सरकारबाट धेरै अपेक्षा गर्न सकिन्छ। मूलभूत रूपमा स्थानीय जनप्रतिनिधिले संविधानको मर्मअनुसार आफूलाई अगाडि बढाउनु आवश्यक छ।

चैत १७ गते बारा र पर्साका केही गाउँमा आएको आन्धीले पूरै तहसनहस बनाएको थियो। त्यस विपत्तको समयमा स्थानीय तहको प्रभावकारिता खटकिएको थियो। सिंहदरबारभित्र रहेको सरकार स्थानीय सरकारका रूपमा जनताको घरदैलो नजिकसम्म पुऱ्याएपछि अहिले कम्तीमा आमजनसमुदायले राज्यको अनुपस्थितिको अनुभव गर्नुपरेको देखिएन। चुनाव जितेका जनताका प्रतिनिधि आ-आफ्नो ठाउँमा उद्धार र राहतमा तत्काल सक्रिय भए। स्थानीय जनप्रतिनिधि विपतकै बेलादेखि उद्धारमा सक्रिय रहेकाले धेरै क्षति हुन पाएन र पीडितले एक्लो अनुभव गर्नुपरेन। हावाहुरीबाट प्रभावित क्षेत्रमा स्थानीय, प्रदेश र संघीयय सरकार गाँस, वास र कपास लिएर उपस्थित भए। तर, विभिन्न तह र निकायबीच समन्वयको अभाव भने देखियो।

संघीयय शासन प्रणालीमा जनताको घरदैलो नजिक सरकार हुन्छ, जनता आफ्नो भविष्यबारे आफै निर्णय लिन्छन्। सङ्घीयताले पारदर्शिता र जवाफदेहिताको प्रत्याभूति गर्छ, समान अधिकार र सामाजिक न्यायको पक्षमा आफूलाई उभ्याउने कार्य गर्छ।

## साताको सात बात



मिडिया काउन्सिल विधेयक फिर्ता हुँदैन तर त्यसमा आएका सकारात्मक सुझाव ग्रहण गरिन्छ। विश्वव्यापी लोकतन्त्रको मान्यताभित्र स्वतन्त्र प्रेस रहन्छ यस विषयमा राजनीतिक अभीष्टको हतियार बनेर बहस नगरौं। स्वतन्त्र प्रेसको अवधारणालाई समृद्ध बनाउन यो विद्येयक आएको हो। **गोकुलप्रसाद बाँस्कोटा, संचार तथा सुचना प्रविधिमन्त्री**



बालुवाटारको ललिता निवासको जग्गा सरकारले फिर्ता गराउनेमात्रै होईन, दोषीलाई कारबाही गर्नुपर्छ। वालुवाटार जस्तो संवेदनशील स्थानको जग्गा व्यक्तिको नाममा जानु आपत्तिजनक छ। **भिम रावल, नेता, नेपाल कम्युनिष्ट पार्टी**



लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्न सभामुखले बारम्बार रूलिङ्ग गर्दा पनि सरकारले अटेरी गरिहेको छ। आन्दोलनकारीहरू अहिले पनि थुनामै रहेका छन्, लाल आयोगको प्रतिवेदन सार्वजनिक गरी सत्यतथ्य बाहिर ल्याउन ढिला भईसकेको छ । **महेन्द्र राय यादव, नेता, राष्ट्रिय जनता पार्टी**



म नेपालको भूराजनितिक अवस्थामा गणतन्त्र ठीक छैन भनेर सोझै भन्ने पक्षमा छैन। संघीयता र धर्मनिरपेक्षताका बारेमा पनि यही हो। यदि नेतृत्वको आचरण ठीक हुने हो भने यही संविधानको संरचनाभित्र रहेर समृद्धिमा जान सकिन्छ। **रविन्द्र मिश्र, अध्यक्ष, साझा विवेकशील पार्टी**



'घरघरमा उज्यालो, गाउँगाउँमा सुविधायुक्त सडक, स्वच्छ पिउने पानी, शिक्षा, स्वास्थ्य र सिँचाइको सुविधा नागरिकको चाहनाबमोजिम उपलब्ध गराउने अभियानमा हामी छौँ। समय केही लाग्ला तर सबै प्रकारका गरीबी र बेरोजगारी हटाउने अभियानमा हाम्रो ध्यान केन्द्रित छ। **शेरधन राई, मुख्यमन्त्री, प्रदेश १**



साझा अधिकार सूचीका विषयमा समन्वय, सहकार्य र साझेदारीसाथ अघि बढ्न सकिन्छ। तर, प्रधानमन्त्रीले भन्नुभएको जस्तो प्रदेश र स्थानीय तह नेपाल सरकारका इकाई नभइ नेपाल राज्यका इकाई हुन्। संविधानले तोकेको अधिकारलाई कसैले पनि नजरअन्दाज गर्न मिल्दैन। **पृथ्वीसुब्बा गुरूङ, मुख्यमन्त्री, गण्डकी प्रदेश**



हामी इतिहासमा नजाऔं, विगतमा के भयो त्यसमा नै अल्झिराख्यौं भने अगाडि बढ्न सकिंदैन। भारत विगतमा दुई देशबीच भएका सबै कमीकमजोरी र तिक्तता त्यागेर नयाँ ढंगले सम्बन्ध विस्तार गर्न चाहन्छ। विगत डेढ वर्षयता दुई देशबीचको सम्बन्ध नयाँ उचाइमा पुगेको छ। **सुष्मा स्वराज, भारतीय विदेशमन्त्री**

# देश सुधार्ने जिम्मेवारी अब कसलाई ?

## विचार-विश्लेषण भाग-२४



उपेन्द्र झा

**विगतका सरकारले परिस्थितिवश आएका अवरोधका कारण तथा पूर्ण कार्यकाल काम गर्न नदिएर विकासका कार्यमा बाधा परेको दोष देखाएर आफ्नो स्वार्थलाभको कुरालाई ढाकछोप गरि आएका जस्तै यो शक्तिशाली सरकार पनि त्यही चलन अनुसार चल्ने हो कि भन्ने शंका व्याप्त छ।**

राणाकालीन निरंकूश भनिएका शासन प्रणाली मुखै कानूनको आधारमा १०४ वर्ष टिकेको थियो। संसारभरि प्रजातान्त्रिक व्यवस्थाको सुखद छायामा रमाई रहेका जनताको मुख मण्डलको खुशियाली देखेर नेपाली जनताले पनि २००७ सालमा प्रजातान्त्रिक भनिएका आन्दोलन थाले र राणा शासनको एकतन्त्री शासन प्रणालीलाई फाले। प्रजातन्त्रको स्थापना भयो। प्रजातान्त्रिक सरकार ९ महिनामा ढल्यो। २०१७ सालमा राजाले आफ्नो हातमा लिएको पंचायती शासन प्रणाली ३० वर्ष चल्यो।

एकतन्त्री शासन व्यवस्थाको विरूद्ध प्रजातन्त्र पुनर्स्थापना गराउन संघर्षहरू चल्दै रह्यो भने संघर्षलाई निस्तेज पार्न राज्यसत्ताले पनि भिन्न भिन्न दावपेंचको अभ्यास गर्दै आफ्नो सत्तालाई टिकाउन भर मग्दुर प्रयत्नहरू गर्दै रह्यो। अन्ततः संघर्षका धक्काहरू झेल्दै राजा नेतृत्वको पंचायती व्यवस्था २०४६ सालको जन आन्दोलनमा ढल्यो भने राजालाई वैधानिक राजतन्त्रको सम्मान दिएर राखियो।

वैधानिक राजतन्त्रसहितको प्रजातान्त्रिक सरकारको पुनः अभ्यास शुरू भयो। राजनीतिक प्रतिस्पर्धामा दुई दल नेपाली काँग्रेस बहुमतको सरकार बनायो र एमाले प्रतिपक्षमा बस्यो। ३० वर्ष लामो संघर्षमा आर्थिक रूपमा जर्जर भई सकेको यी पार्टीहरू सत्ता नजिक पुगेपछि उच्च महत्वाकाँक्षा बोकेका थिए। नेपाली काँग्रेसले स्पष्ट बहुमत पाएपछि सरकार बनाउने जिम्मेवारी पायो। राज्यसत्तामा आएपछि सबै आर्थिक सुदृढीकरणमा लागेपछि संघर्षमा धनजन समेत गुमाउन पुगेका नेपाली जनताले पनि सरकारबाट आफ्नै हैसियतको अवसर प्राप्त गर्ने आकाँक्षा पालेका थिए। व्यक्तिगत स्वार्थ पूर्तिको दिशामा बढेको सरकारको कदमले आफ्नै पार्टीभित्र जन्मायो। फलतः नेपाली काँग्रेस सरकारको दायित्वबाट बञ्चित हुन पुग्यो। आफ्नो दाव कुरेर बसेको प्रतिपक्षको असहयोग त छँदै थियो, आफ्नो पार्टीले पनि सहयोग गर्न छाड्यो। गिरिजा प्रसाद कोईराला नेतृत्वको सरकारको विरूद्ध नेपाली काँग्रेस कै ३६ से गुटले सिंहदरवार अगाडि आफ्नै पार्टीको सरकारको राजीनामा माग्न दिनहुं जुलुस निकाल्न थाले। देशमा राजनीतिक अराजकता बढि रहेको बेला नेपाली काँग्रेसको बहुमत सरकार कार्यकालको मध्यमा नै ढल्यो। त्यसपछि एमालेको सरकारको त्यही हविगत भयो।

प्रतिपक्षको सर्वमान्य दायित्वबाट बञ्चित रह्ने चलन एमाले नै बसालेको थियो र यसको शिकार एमाले पनि भयो। प्रजातान्त्रिक सरकार भनाउँदाहरूले राष्ट्रप्रतिको कर्त्तव्य बिर्सेर राजनीतिक वृतमा आफ्नो अस्तित्वलाई सधैंका लागि कायम राख्न धन आर्जन नै कर्त्तव्य ठाने। फलतः राजनैतिक अराजकता व्याप्त भयो र जनता दुबै शक्तिबाट टाढिदै गयो। राजनीतिक अस्थिरता कतिसम्म बढ्यो कि ०५२ सालमा एकातिर माओवादी द्वन्द्व खडा भयो भने अर्कोतिर ०५८ जेठ १९ गते दरवार हत्याकाण्ड भयो। त्यसपछि सरकारको कार्यकारी अधिकार ज्ञानेन्द्र आफ्नो हातमा लियो। आफैले सृजना गरेको राजनीतिक अराजकताका कारण नेपाली काँग्रेस र एमाले सरकारबाट विस्थापित हुन बाध्य भयो। नेपाली काँग्रेस र एमालेको व्यक्तिगत स्वार्थको अस्वस्थ प्रतिस्पर्धामा राज्यसत्ता राजाको हातमा गयो र माओवादी द्वन्द्व पनि शिखरमा पुग्यो।

सरकारबाट विस्थापित भएका दुबै दलहरूले सडक आन्दोलन गर्दा जनताले पत्याएन। यिनको व्यथाकथा सुन्न जनता सडकमा आउनै छाड्यो।

राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासनकालमा अहिले नेपाली काँग्रेसमा सभापति पदमा आसीन शेरबहादुर देउवा पनि राजालाई समर्थन गरेर जागिर खान पुगे। वैचारिक विचलन, सिद्धान्तप्रतिको अडान नभएका, पदलोलुप, स्वार्थमा डुबेका, लोकतान्त्रिक शक्तिको अगुवाई गर्नेहरू दिग्भ्रमित हुन थाल्दा राजनीतिक वृतमा अराजकता आउनु स्वाभाविक थियो। कम्युनिष्ट आन्दोलनमा उल्लेखनीय त्याग गरेका एमालेका शीर्षस्थ नेता राधाकृष्ण मैनाली पनि पार्टी र जनताप्रतिको दायित्व बिर्सेर राजाको शरणमा आश्रय लिन पुगे। राजाले प्रधानमन्त्रीको लागि दरखास्त आह्वान गर्दा माधव नेपालले पनि निवेदन हालेका थिए।

आफ्नो स्वार्थमा लीन भएका, धनलाभका लागि राज्यसत्तामा पुग्ने ध्येय लिएका विभिन्न खाले दर्शनको बकालत गर्दै जनतालाई दिग्भ्रमित गरि आएका नैतिक पतन भएका नेता भनाउँदाहरूबाट देशमा शान्ति, विकास, समृद्धिको के आश गर्न सकिन्छ। प्रजातान्त्रिक शक्तिको रूपमा प्रतिष्ठा हासिल गरेका यी पार्टीहरूको क्रियाकलापले पार्टी बदनाम हुने, कलंकित हुने आदि कुराहरूबाट किञ्चित पनि नडराउने कुरा वीरता प्रदर्शन होइन, निर्लज्जताको पराकाष्ठा हो। निरंकूश जहानिया शासनबाट मुक्ति पाएको यो देश ६८ वर्षको अवधिमा विकासको फडको मार्न नसकेकोबाट राजावादी, नेपाली काँग्रेस र एमाले आदि शक्तिको ध्येय सत्तामा पुगी धनलाभ गर्ने मात्र देखियो। नवोदित शक्तिको रूपमा उदाएका माओवादी, मधेशका शक्तिहरू पनि अग्रजहरू कै अनुयायी बने।

तर जनतामा भाषण गर्न आउने जोकोहि पनि एकअर्काको दोष देखाउँदै आफुले मात्र गर्न सक्ने दावा देखाउँछन्। देशको विकासमा उल्लेखनीय योगदान कसैले गर्न सकेन। आमाबुवा नभएका छोराहरू पनि जवान हुन्छन्। टुहुरा वच्चाहरू जस्तै यहाँका उद्योगधन्धाहरू देखिएका छन्। देश जर्जर अवस्थामा आङ ढाक्न सकि रहेको छैन नेताहरू टाईकोटमा सुसज्जित भई करोडौंको गाडि चढछन्। व्यापार घाटा १० खर्बमा पुग्दा दलहरू व्यापारीहरूबाट १० अर्बका दरले चन्दा लिन्छन्। विदेशी संस्थाहरूले नेपालको आर्थिक सर्वेक्षण गरि सरकारको सबै निकाय भ्रष्टाचारमा लिप्त रहेको देखाउँदा पनि मिथ्याँक हो भनेर लाज मान्दैनन्। परनिर्भरताको परिधीभित्र छटपटाई रहेको नेपाली जनतालाई यहाँका टि.वी.ले काभ्रेमा अदुवाबाट किसानले १० लाख कमाएका छन्। धनकुट्टामा मुलाबाट मनग्यै आमदानी किसानले गरेका छन् आदि समाचार देखाएर आफ्नो निकम्मापनलाई ढाकछोप गर्न पटक्कै लाज मान्दैनन्।

०६५ सालमा आन्दोलनबाट स्थापित संविधान सभाले जनताको संविधान बनाएर जनपक्षीय सरकार ल्याउला भन्ने विश्वास जनताले लिएका थिए। तर सत्तामा देखिएका ३ दार्शनिक दलहरूले संविधानलाई प्रत्युत्पादक मात्र बनाएन देशमा साम्प्रदायिक विभाजन रेखा पनि खिंच्यो। सबैको हक अधिकार संविधानमा सुरक्षित गर्ने नाममा राज्यसत्ताको पारम्परिक चरित्रलाई यथावत् राखी आफ्नो दलीय वर्चस्व कसरी कायम गर्ने भन्ने कार्यसिद्धितिर लागे। शान्ति स्थापनाको नाममा प्रमुख अन्तर्विरोधहरूलाई गौंड राखी बलपूर्वक घोषणा गरेको संविधानको व्यापक विरोध भयो। अहिले साही संविधानप्रति यी ३ दार्शनिक दलहरू भित्रबाट असन्तुष्ट देखिएका छन्। राजनीतिक वृतबाट फालिएको राजालाई पुनश्च गुहार्ने आवाजहरू घन्किन लागेका छन्। अरूलेभन्दा राजाको औचित्यलाई नेपाली काँग्रेस र सत्तारूढ नेकपाले नै पुष्टि गर्न थालेको छ। संघीयताप्रति अनुदार रहेका दलहरूले संघीय लोकतान्त्रिक गणतन्त्रको घोषणा गर्दा पनि यसप्रति उदार देखिएका छैनन्। प्रत्येक १० वर्षमा द्वन्द्व खडा गर्ने यिनीहरूले नै बसालेको चलन अनुसार पुनश्च द्वन्द्व खडा गरि संघीयतालाई फल्न सकिन्छ कि भन्ने आशयको माहौल तयार पार्न राजनीतिक गतिहीनता ल्याईएको भान हुन थालेको छ।

आफूलाई कट्टर क्रान्तिकारी र परिवर्तनकारी रूपमा चिनाउने नेकपा माओवादीका अध्यक्ष प्रचण्ड एमालेको उदरस्थ भई आफ्नो अस्तित्व जोगाए। मन नपराउने कोही सशस्त्र द्वन्द्वतिर लागे भने कोही शान्तिपूर्ण आन्दोलनकारी बने। मधेशका दुई दलहरू पनि सत्तारूढ नेकपाका गुलाम बने। सबै परिवर्तनकारी शक्तिलाई निल्दै दुईतिहाई बहुमत लिएर बनेको शक्तिशाली नेकपा सरकारमा दम्भ आउनु स्वाभाविक हो। जनताको सरोकार रहेका कार्यक्रमहरूलाई गतिशील बनाउनुको सट्टा अरू शक्तिशाली भई राणाहरू जस्तै शासन गर्न पाईन्छ कि भनेर शक्ति अभ्यास गर्नु पट मुर्खताबाहेक अरू केही हुँदैन। अथवा द्वन्द्वलाई प्रोत्साहन गर्न नियतवश गरिएका कार्यहरू हुन् कि, राजनीतिक वृतमा शंका उब्जेको छ। सरकारले संसदमा ल्याएको मीडिया काउन्सिल विधेयकको विरूद्ध देशभरि भई रहेको पत्रकारहरूको आन्दोलनले अन्ततः संशोधनको आश्वासन पाएको छ। तरपनि आन्दोलन रोकिएको छैन।

संघीयताको खारेजी र हिन्दू राष्ट्रको स्थापना आन्दोलनका मुख्य विषय हुन्। यी विचारका शक्तिहरू संविधान सभाकालमा विरोधमा थिए भने अहिले पनि विरोधका स्वर घन्काउँदै छन्। मधेशलाई चुनौती दिंदै आफ्नो मनोनुकूल ७ प्रदेशको संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान जारी गर्दा अति रमाएका दलहरू अहिले घन्कि रहेको विरोधका स्वरहरूमा मौन स्वीकृति दिई रहेका छन्। अनावश्यक कार्यमा शक्ति खर्च गरि रहेको सरकार जनसरोकारका बिषयलाई ओझेलमा पार्न खोजि रहेको छ। १५ महिना बिति सक्दा पनि जन अपेक्षा पूरा हुने आशमा रहेका नेपाल जनताको यो सरकारप्रतिको आस्था घट्न थालेको छ। प्रशस्त अनुकूलता पाएको यो ऐतिहासिक सरकारप्रति जनआस्था घट्नु निश्चय पनि शुभ संकेत होईन।

शक्तिको उन्मादमा भनिएका सुधारका कार्यहरू उल्टो पुल्टो तरिकाले प्रस्तुत हुँदा हुन जाने असन्तुलनले ल्याएको द्वन्द्वको भागिदार को हुने ? दुई महाशक्तिसंग कूटनीतिक सम्बन्धको सन्तुलन कायम गर्न नसक्नुले नेपालको राजनीतिक क्षेत्रमा आउने भूइँचालोको जिम्मेवारी कसले लिने ? देशमा अत्यधिक रूपमा बढ्दै गई रहेको आर्थिक अनियमितताबाट आकान्त नेपाली समाजको खस्किदै गएको जीवन शैलीको दायित्व कसले लिने ? परनिर्भरताको दलदलबाट नेपाली जनतालाई निकाल्ने प्रतिबद्धता पेश गरि शक्तिशाली सरकार बनाउन सफल नेताले राजनीतिक असफलता व्योहोर्दा कलंक बोक्ने कि नबोक्ने ? यावत् अनुत्तरित प्रश्न अहिले सरकार समक्ष उपस्थित छन्।

विगतका सरकारले परिस्थितिवश आएका अवरोधका कारण तथा पूर्ण कार्यकाल काम गर्न नदिएर विकासका कार्यमा बाधा परेको दोष देखाएर आफ्नो स्वार्थलाभको कुरालाई ढाकछोप गरि आएका जस्तै यो शक्तिशाली सरकार पनि त्यही चलन अनुसार चल्ने हो कि भन्ने शंका व्याप्त छ। सरकारको शक्तिशाली स्वरूप देखेर पनि यसले सुशासन ल्याउला र जनताको जीवन शैलीमा सुधार होला भन्ने कुरामा अर्थविद्, राजनीतिक विश्लेषक, बुद्धिजिवी मात्र होइन सत्तारूढ पार्टीका शीर्ष समूह पनि आश्वस्त हुन सकेको छैन। यसले पनि देशको सुधार गर्न सकेन भने देश निर्माणको ठेक्का अब कसको ?

*janukjha24@gmail.com*

## बुद्धको समयमा...

कुनै भेदभाव थिएन।

विश्व इतिहासमा ई.पू. छैठौं शताब्दीको महत्वपूर्ण प्रभाव रहेको छ। यो शताब्दी दार्शनिक चिन्तनको लागि प्रसिद्ध छ। त्यसबेला जति पनि महान चिन्तक भए, त्यस मध्ये तराईमा जन्मेका गौतम बुद्धको विशिष्ट स्थान छ। त्यस बेलाका अन्य ऐतिहासिक व्यक्तित्वहरूले विश्वको यति बढी ध्यान आकृष्ट गर्न सकेनन, जति तराईका धरती पुत्र गौतम बुद्धले गरे। उनले आफ्नो समयको बदलिंदो समाजको विश्लेषण गर्ने र मानव जातिको लागि एउटा स्थायी समाज दर्शन प्रदान गर्ने अत्यन्त गहन र व्यापक प्रयास गरे।

कपिलबस्तु राज्यका सीमा

विभिन्न बौद्ध ग्रन्थहरूको आधारमा छैठौ. शताब्दी ई.पू.मा कपिलवस्तु राज्यको पूर्वमा रोहिणी नदी, पश्चिममा राप्ती नदी, उत्तरमा हिमालय र दक्षिणमा पावा, कुशी नगर सम्म फैलिएको थियो। *(प्रा.डा.सुरेन्द्र के.सी.-प्राचीन तथा मध्यकालीन नेपाल पृ.३४, प्रा.डा.श्रीरामप्रसाद उपाध्याय.-नेपालको प्राचीन तथा मध्यकालीन इतिहास, परिमार्जित पाँचौ संस्करण,पृ.३४)*।

जुनवेला कपिलवस्तु राज्यमा शाक्यवंशी राजाहरू थिए, त्यसवेला नेपालको उद्भव भएको थिएन। यदि उद्भव भएको हुन्थ्यो भने नेपाली इतिहासकारहरूले इतिहासमा कपिलवस्तुको उत्तरमा नेपाल लेखेको हुन्थे। यसबाट प्रमाणित हुन छ कि बुद्धको समयमा थिएन नेपाल।

कपिलवस्तुको पतन

प्रसेनजितको समयमा कौशल राज्य अत्यधिक साम्राज्यवादी भएको थियो. । भनिन्छ उनले मल्लहरूको गणराज्यमाथि आफ्नो अधिकार कायम गरेका थिए। कौशलका राजा विरूद्धकका बुवा प्रसेनजितले अनेकौं विहे गरेका थिए। उनले शाक्य राजकुमारी सित विहे गर्ने प्रस्ताव पठाएका थिए। शाक्यहरूले छल गरी दासी पुत्री वासवखस्तिया (मल्लिका) लाई शाक्य कुमारी भनी बिहे गरि दिए। त्यस दासी कन्याबाट विरूद्धक नामक पुत्र भयो। विरूद्धक ठूलो भएपछि मामाघर कपिलवस्तु आउँदा शाक्यहरूले शुद्र जस्तो व्यवहार गरे। विरूद्धकले त्यसैबेला यस अपमानको प्रतिरोध लिने प्रण गरे। प्रसेनजितको मृत्युपछि विरूद्धकले शाक्यसित प्रतिरोध लिने निश्चय गरे। *(प्रो. दिनानाथ वर्मा-प्राचीन भारत का इतिहास, पृ.१४२)*।

विरूद्धकले सीमा नदी रोहिणी (बाणगंगा)को पानीको वाँडफाँड सम्बन्धमा विवाद उठाए। विरूद्धकलाई पानीको बहानामा कपिलवस्तुमाथि आक्रमण गर्न तीन पल्ट गौतम बुद्धले रोके। चौथो पल्ट बुद्धको जोर चलेन। विरूद्धकले कपिलवस्तुमाथि आक्रमण गरी सतहत्तर हजार मानिसको हत्या गरी पराजीत गरेर आफ्नो राज्य कौशलमा मिलाए। *(प्रो.श्रीरामप्रसाद उपाध्याय-नेपालको प्राचीन तथा मध्यकालीन इतिहास, पृ.३८)*।

शान्तिनायक बुद्धलाई पनि जीवनको उत्तरार्द्धमा यस्तो दुःखद घटना हेर्नु पऱ्यो। *(प्रा.डा.सुरेन्द्र के.सी.-नेपालको इतिहास र ऐतिहासिक परम्परा, पृ.१९५)*। कौशलमा कपिलवस्तुको शाक्य राज्य पनि सामेल थियो। *(रामशरण शर्मा-प्रारम्भिक भारत का परिचय, पृ.१४९)*

यसपछि विरूद्धकले कोलिया गणराज्यमाथि पनि आक्रमण गरी आफ्नो राज्य भित्र पारे। कोलियामाथिको आक्रमणबाट रोहिणी (वाणगंगा)नदीको पानीको बाँडफाँड बहाना मात्रै रहेको र वास्तवमा कौशलको आक्रमणकारी र विस्तारवादी नीति कै कारण आक्रमण गरिएको पुष्टि हुन्छ। *(डा.सुरेन्द्र के.सी.-नेपालको इतिहास र ऐतिहासिक परम्परा, पृ.१९५)*। यसप्रकार कपिलवस्तु र कोलिया गणराज्य कौशलको मातहतमा गएपछि कौशल राज्यको सीमा उत्तरमा हिमालयसम्म फैल्न गयो। कपिलवस्तु र कोलिया गणराज्य कौशल राज्यमा मिलाएको बेला पनि नेपालको उद्भव भएको थिएन। बुद्ध ग्रन्थहरूको अनुसार गौतम बुद्धको ८० वर्षको उमेरमा ४८३ ई.पू.मा कुशीनगर भन्ने ठाउँमा महानिर्वाण प्राप्त भयो।

# मधेशी आयोगको सीमा छैन, संसारभरिका मधेशीले सम्पर्क गर्न सक्छन्

**केही समयमा अनकूलताको आधारमा हामी भिडियो कन्फेरेन्स पनि सुरू गर्छौं। जसले संसारभरिका मधेशीले हामीसँग सम्पर्क गर्न सक्छन्। अहिले पनि संसारभरिका मधेशी हामीसँग सम्पर्क गर्न सक्छन्। तर, भिडियो कन्फेरेन्स गरेपछि अझ सजिलो हुन्छ। विश्वका कुनै पनि मुलुकमा यदि मधेशी समस्यामा छन् भने उनीहरूले मधेशी आयोगको एप डाउनलोड गरेर आफ्ना समस्याहरू राख्न सक्छन्।**



**डा.विजय दत्त**
**अध्यक्ष, मधेशी आयोग**

> हामीले एउटा के विचार गर्नुपर्छ भने यदि यसको नाम मधेश आयोग भएको भए यसले एउटा भूगोलमा मात्रै काम गर्थ्यो। तर, यो मधेश आयोग होइन, मधेशी आयोग हो। यदि हुम्ला-जुम्लामा पनि मधेशी छ भने उसको समस्या समाधान गर्न त्यहाँ पनि भूमिका निर्वाह गर्छ। काठमाडौंमा पनि मधेशीहरू छन्, यो त मधेश होइन।

**० मधेशी आयोगको काम, कर्तव्य र उद्देश्य के हो ?**

– हाम्रो प्रस्तावनामै लेखिएको छ, मधेशी समुदायको इतिहास, संस्कृतिको पहिचान, हकहितको संरक्षण, सम्वर्द्धन र सशक्तिकरणका लागि यो आयोगको निर्माण भएको छ। मधेशी आयोगले मधेशी समुदायका प्रोमोशन, प्रोटेक्सन र इम्पावरमेन्ट गर्छ। नेपाल सरकारले तर्जुमा गरेको कार्यक्रम गरी पठाउने, सल्लाह सुझाव दिने, कार्यक्रमको अनुगमन गर्ने, राष्ट्रिय/अन्तर्राष्ट्रिय सन्धि सम्झौता कहाँ के लागू भयो/भएन त्यसको सुझाव दिनेसहितका सम्पूर्ण कुराहरू यसमा राखिएको छ। आयोगको जुन राष्ट्रिय/अन्तर्राष्ट्रिय कर्तव्य छ त्यस आधारमा मधेशी समुदायको सर्वाङ्गीण अथवा मधेशी समुदायको समस्या समाधान गर्नका लागि संवैधानिक मधेशी आयोगको गठन भएको हो।

**० आयोगको कार्यनिर्देशिका के हो ?**

– यो नयाँ आयोग हो, स्वायत्त आयोग हो। यसले कानून बनाउनु पर्छ। यसले असार मसान्तसम्ममा कानून बनाउनका लागि नियमावली बनाउने, कार्यनिर्देशिका बनाउने, आर्थिक प्रशासनिक कार्यविधि बनाउने काम सम्पन्न हुन्छ। हामीले बैठक सम्बन्धी निर्देशिका बनाइ सकेका छौं। उजुरी पनि ल्याइसकेका छौं। यो आयोग गतिशीलरूपमा आफ्नो काम गरेको छ। अझै प्रभावकारीरूपमा काम गर्छ भन्ने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु।

**० यो आयोग गठन भएदेखि केकस्ता कामहरु गरेको छ ?**

– यो आयोगमा मेरो पद बहाली भएको दुई महिना मात्रै भएको छ। यो दुई महिनामा हामीले मधेशी समुदायका जुन समस्याहरू छन् त्यसका लागि कामहरू अगाडि बढाएका छौं। यो आयोगले तीन स्तरमा काम गर्दैछ। सबभन्दा पहिला आयोगले आफैभित्र सशक्तिकरण गरेको छ। आयोगको कार्यालय व्यवस्थित कसरी हुन्छ, यहाँ सबैको पहुँच कसरी हुन्छ लगायतका काम हामी पूरा गरिसकेका छौं। सर्वसाधारणको सजिलो पहुँचका लागि हामीले टोल फ्रि नम्बर दिएका छौं जसमा एकसुको पनि पैसा लाग्दैन। जहाँसुकैका मधेशीले आफ्ना कुराहरू राख्न पाउँछन्। त्यसपछि यो आयोगको वेबसाइट निर्माण गरेका छौं। फेसबुक चलाउनेहरूले यसको पेजमा आफ्ना कुराहरू राख्न पाउँछन्। इमेलबाट पठाउन चाहनेका लागि इमेल एड्रेस बनाएका छौं। जसरी अहिले सामाजिक सञ्जालहरू छन्, त्यसरी नै मधेशी आयोगको एप बनाएका छौं। त्यो एपलाई डाउनलोड गरेर सम्पूर्ण कुराको जानकारी पनि लिन सकिन्छ। हामी छिट्टै नै विभिन्न सञ्चार माध्यमबाट मधेशी आयोगको काम, कर्तव्य र कसरी पहुँच बनाउने बारे चार वटा भाषा (नेपाली, मैथिली, भोजपुरी र अवधि) मा प्रचार प्रसार गर्न लागेका छौं। यसबाट सहज पहुँचको जुन पहिलो खुड्किलो हो, त्यो पूरा हुन्छ। यसमा हामीले जनताको सहज पहुँचका विभिन्न कार्यक्रमहरू गरिरहेका छौं। आयोगले अहिलेसम्म प्रदेश २ का आठवटै जिल्लाहरूमा विभिन्न कार्यक्रमहरू सम्पन्न गरिसकेको छ। प्रदेश २ का जिल्लाहरूमा हामीले अन्तरक्रिया गर्दा अपेक्षाभन्दा बढी जनसमुदायको उपस्थिति देखियो। त्यसमा पनि महिलाहरूको उपस्थिति उत्साहजनक थियो। यसैगरी, काठमाडौं, ललितपुर र भक्तपुरमा रहेका मधेशी समुदायका अगुवा, बुद्धिजीबी, नागरिक समाज र सञ्चारकर्मीहरूसँग अन्तरक्रिया कार्यक्रम गरिसकेका छौं। अब हामीले प्रदेश १, गण्डकी प्रदेश, प्रदेश ५, सुदूरपश्चिम प्रदेश र अन्त्यमा प्रदेश ३ मा कार्यक्रम गर्न लागेका छौं।

**० विभिन्न अन्तरक्रिया कार्यक्रमहरु गर्दा के-कस्ता समस्याहरु पाउनुभयो ?**

– हामी मधेशमै जन्मेको भए पनि त्यहाँका धेरै समस्याहरू हामीलाई थाहा छैन। काठमाडौं बस्नेलाई मधेशका सबै कुरा थाहा हुँदैन। हामीले अन्तरक्रिया गर्दा मधेशी को हो भनेर प्रश्न आएको छ। मधेशीको वैधानिक परिभाषा के छ ? भन्ने जिज्ञासा आयो। अर्कोतिर, मधेशभित्र नै मधेशीको पहुँच छैन। सिरहाको एउटा गाउँमा जाँदा ८५ घर पासमान जातिका छन्, जसमध्ये एउटा पनि महिला माध्यमिक तहको शिक्षा हासिल गरेका छैनन् र त्यसमा एउटा पनि पुरूषले +२ गरेका छैनन्। यस्ता हरेक गाउँमा समस्याहरू हुन सक्छ। हामीले दुई महिनाको अवधिमा विभिन्न गाउँमा जाँदा खासगरी, दलित, मुस्लिम लगायत विपन्न जातिहरूका दयनीय अवस्था हेरेका छौं। अर्को ठूला समस्या भनेको पर्यावर्णीय हो ।

**० मधेशी आयोगले मधेश र मधेशीका समस्याहरु समाधान गर्न सक्षम छ ?**

– राज्य सञ्चालनका दुईटा आधार हुन्छन्। एउटा जनप्रतिनिधिमूलक संस्था हुन्छ भने अर्को राज्यप्रतिनिधि हुन्छ। संवैधानिक आयोगहरू राज्यप्रतिनिधि हो। राज्यप्रतिनिधिको काम नीति बनाउने हो। त्यसको कार्यान्वयनका लागि राज्यमा लैजाने। तर, कार्यान्वयनको काम जनप्रतिनिधिको हो। अहिले मुलुकमा तीन तहको सरकार रहेको छ। हामीले नीति बनाएर उहाँहरूलाई दिने काम गर्छौं र उहाँहरूले अगाडि बढाउनुहुन्छ। तर्जुमा र सिफारिस गर्ने हाम्रो काम हो। आयोगहरू संसारका कुनै ठाउँमा आफैमा कार्यकारी निकाय हुँदैन।

**० भनेपछि, आयोगले सिफारिस गर्ने हो ?**

– आयोगले सिफारिस गर्ने, सल्लाह सुझाव दिने, कार्यक्रमको मूल्यांकन गर्नेलगायतका कामहरू गर्ने हो। सर्वसाधारणहरूको उजुरी लिने, उजुरीमाथि सम्बन्धित निकायसँग मिलेर अध्ययन अनुसन्धान गर्ने र प्रतिवेदन दिने यो आयोगको काम हो। यदि कुनै ठाउँमा मधेशीको मानव अधिकारको उल्लंघन भएको छ भने त्यसका लागि मधेशी आयोगले आफ्नो भूमिका खेल्ने हो। राज्यले गर्ने कामहरू यदि गरेन भने मानव अधिकारको उल्लंघन हुन्छ। किनभने मधेशीको सशक्तिकरण, प्रवर्द्धन, संरक्षण गर्ने यसको काम नै हो।

**० यसमा राष्ट्रिय मानव अधिकार आयोगको भूमिका के हुन्छ ?**

– राष्ट्रिय मानव अधिकार आयोगले समग्रमा काम गर्छ। उसले मुलुकभरिकै काम गर्छ। महिला आयोगले महिलाका लागि काम गर्छ। तर, मधेशी आयोगले मुलुकभित्र रहेका सम्पूर्ण मधेशीका लागि काम गर्छ।

**० मधेशी को हो भनेर कसरी छुट्याउनु हुन्छ ?**

– यसका लागि आयोगको काम कर्तव्यमा के छ भने थर सूचिकृत गर्ने काम छ। अहिलेसम्म थर सूचिकृत गरेको छ त्यो त मधेशी नै भए। आयोगका अन्य पदाधिकारीहरूको पद बहाली भइसकेपछि थर सूचिकृत गर्ने एउटा समिति बनाइदिने, त्यो समितिले नेपालका विभिन्न ठाउँमा गएर सल्लाह सुझाव संकलन गर्ने र त्यसलाई ठोस रूप दिएर नेपाल सरकारमा सिफारिस गर्छौं। त्यसपछि नेपाल सरकारले निर्णय गरेपछि उ मधेशी हुन्छ। त्यसकारणले अहिले जुन आधारमा काम चलेको छ, त्यो मधेशी छँदैछ। यदि त्यसमा थप/घटका केही कुराहरू हुन्छ भने त्यसलाई समितिले अगाडि बढाउनेछ।

**० मधेशी आयोगको कार्यक्षेत्र कहाँसम्म छ ?**

– हामीले एउटा के विचार गर्नुपर्छ भने यदि यसको नाम मधेश आयोग भएको भए यसले एउटा भूगोलमा मात्रै काम गर्थ्यो। तर, यो मधेश आयोग होइन, मधेशी आयोग हो। यदि हुम्ला-जुम्लामा पनि मधेशी छ भने उसको समस्या समाधान गर्न त्यहाँ पनि भूमिका निर्वाह गर्छ। काठमाडौंमा पनि मधेशीहरू छन्, यो त मधेश होइन। यहाँ धेरै कार्यक्रमहरू हुँदैछ। त्यसैले, यो आयोगले मुलुकभरि नै यसको क्षेत्र हो र यो संवैधानिक आयोग हो भनेर बुझ्नुपर्छ, क्षेत्रीय आयोग होइन्। कुनै पनि संवैधानिक आयोगको जिम्मेवारी पूरै मुलुकभरि नै हुन्छ। आयोगले प्रदेशमा कार्यालय स्थापना गर्न सक्ने संविधानमा लेखिएको छ। त्यो पनि हुन्छ। तर, त्योभन्दा पहिले हामीले कम्ती २३ जिल्लामा जिल्ला प्रतिनिधिहरू बनाइदिने। प्रदेश कार्यालय गठन हुँदा पनि जिल्ला प्रतिनिधिहरू रहिरहन्छ। जसले गर्दा आम जनतासँग हाम्रो कनेक्टिविटीका लागि काम हुनसक्छ।

**० मधेशीमा महिला, मुस्लिम, थारु पनि पर्छन् तर ती समुदायका लागि आ-आफ्नै आयोगहरु पनि छ। यसलाई आमजनताले कसरी बुझ्ने ?**

– राजविराजमा हामीले कार्यक्रम गर्दा मुस्लिम र थारू समुदायलाई बोलाएनौं। कार्यक्रम सुरू भएको आधा घन्टा पनि भएको थिएन र गुनासोहरू आउन थाल्यो कि हामीलाई किन बोलाइएन। मुस्लिम र थारू समुदायका व्यक्तिहरूले हामीलाई किन मधेशी आयोगले टाढा राखेको भनेर गुनासोहरू गरे। त्यसपछि हामीले सिरहाको कार्यक्रममा मुस्लिम, थारू र महिलाहरूलाई पनि बोलायौं। साथै हामीले पहाडे समुदायका संघसंगठनहरूलाई पनि बोलायौं। आयोगको केन्द्रीय कार्यालयमा कपिलवस्तुदेखि सुनसरीसम्मका मुस्लिम युवाहरू आएका थिए र उनीहरूले हामीलाई छाडेर अगाडि नबढ्नुस्, हामी पनि मधेशी आयोगभित्र रहेर आफ्ना अधिकार खोज्छौं भनेका थिए। यस्ता किसिमका भावनाहरू आए। अन्य आयोगहरूले पनि मधेशी आयोगको रोलमोडलको रूपमा काम गर्नुपर्छ। जबसम्म आयोगको वैधानिक परिभाषा हुँदैन तबसम्म हामीले केही भन्न मिल्दैन।

**० भनेपछि, मुस्लिम, महिला र थारुहरुका समस्या पनि मधेशी आयोगले उठाउँछ ?**

– अवश्य। अहिले मदरसाको कुरा आएको छ। मदरसामा पढेकाहरूको सर्टिफिकेटको मूल्यांकन भएन र विदेशमा जानुपर्ने अवस्था आउँछ भन्ने गुनासो आएको छ। रेमिट्यान्स मुलुकलाई राम्रो लाग्ने तर सर्टिफिकेट राम्रो नलाग्नुको कारण के हो भनेर गुनासो आएको छ। त्यस्तै, महिलाहरू पनि धेरै आउँछन् यहाँ गुनासोहरू लिएर। एक त मधेशीमा पहुँचको समस्या छ, त्यसमा महिला झनै समस्यामा छन्। त्यसमा पनि दलित महिलाको अवस्था त अति नै दर्दनाक छ। त्यसकारणले मधेशी आयोगले आफ्नो अधिकार र दायित्वलाई अक्षरश: पालना गरेको छ। भोलीका दिनमा अझै हामी प्रभावकारी ढंगले यसलाई अगाडि बढाउने हो।

यसमा पनि हामीलाई समस्या छन्। हामीसँग १४ जना कर्मचारी हुनुपर्नेमा जम्मा ४ जना कर्मचारी छन्। तर, हामी ४ जना कर्मचारीले अहोरात्र काम गरिरहेका छौं। सबै जनाले दिनरात काम गरेर यसलाई मूर्तरूप दिएका छौं। यसैको परिणाम हो कि ६० दिन नपुग्दै ४५ देखि ५० वटा कार्यक्रम सम्पन्न गरेको छ। सयकडौं विशेषज्ञहरूसँग हामीले परामर्श गरेका छौं। सबैले अपनत्व महसुस गरेका छन्। यो एक्काइसौं शताब्दीको प्रविधियुक्त कार्यालय बनाएका छौं। केही समयमा अनकूलताको आधारमा हामी भिडियो कन्फेरेन्स पनि सुरू गर्छौं। जसले संसारभरिका मधेशीले हामीसँग सम्पर्क गर्न सक्छन्। अहिले पनि संसारभरिका मधेशी हामीसँग सम्पर्क गर्न सक्छन्। तर, भिडियो कन्फेरेन्स गरेपछि अझ सजिलो हुन्छ। विश्वका कुनै पनि मुलुकमा यदि मधेशी समस्यामा छन् भने उनीहरूले मधेशी आयोगको एप डाउनलोड गरेर आफ्ना समस्याहरू राख्न सक्छन्। तर, नेपालभरि रहेका मधेशीहरूले जति हामीसँग नजिक रहेर काम गर्‍यो भने त्यति नै सजिलो हुन्छ। उनीहरू यहाँ आउनुपर्छ भन्ने छैन, उजुरी गरेपछि हामी नै त्यहाँ पुग्छौं। त्यसकारणले यी कुराहरूलाई हामीले अगाडि बढाएका छौं।

**० भनेपछि मधेशी आयोगको कुनै सीमा छैन। विश्वभरि छरिएर रहेका मधेशीहरुको समस्या आयोगले समाधान गर्न पहल गर्छ ?**

– मधेशी आयोगको काम, कर्तव्य र अधिकारमा राष्ट्रिय/अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा नेपाल पक्ष भएकालाई कहाँ के भयो, कसो भयो त्यसका लागि सल्लाह सुझाव नेपाल सरकारलाई दिने भनिएको छ। त्यसैले, नेपाली मधेशीहरूलाई कुनै पनि समस्या आयो भने हामीले पहल गर्न सक्छौं। हामी आफ्नो काम, कर्तव्य र अधिकारभन्दा बाहिर पनि जाँदैनौं तर, हामीलाई जुन वैधानिक कानून दिएको छ त्यसैअन्तर्गत यी सबै कुराहरू पर्दोरहेछ। परिवर्तन र विकास गर्नका लागि पहिले स्वयम्मा परिवर्तन गर्नुपर्छ। आयोगले पहिला आफ्नो गाउँ-ठाउँको सशक्तिकरण गर्छ। युवा सशक्तिकरणमा हामी धेरै ध्यान दिएका छौं।

**० जसरी समय-समयमा मधेशमा आन्दोलनहरु हुन्छन्, अहिले पनि सीमांकनको मुद्दामा असन्तुष्टिहरु छन्। यसमा आयोगको भूमिका कस्तो रहनेछ ?**

– आयोगले राजनीतिक कुरा गर्दैन। किनभने राजनीतिक काम गर्न थाल्यो भने जनप्रतिनिधिहरूको कामै पर्दैन। जनप्रतिनिधिहरूको काम हुन्छ, राजनीतिक कुराहरूलाई अगाडि बढाउने तर, हामीले मुद्दाहरूलाई दस्तावेजीकरण गरिदिने हो। दस्तावेजीकरण गर्ने काम अहिलेसम्म भएकै छैन। हामी दस्तावेजीकरण गर्ने काम गर्दैछौं। कार्यालयमा हामीले एउटा ई-पुस्तकालय बनाउँदैछौं। मधेश र नेपालको बारेमा जानकारी लिनका अन्य ठाउँमा जानु पर्दैन। मधेशी आयोगको एप डाउनलोड गरेर वा पुस्तकालयमा आएर मधेश र नेपालको बारेमा हरेक जानकारी लिन सकिन्छ। हामीले हरेक राजनीतिक दलका नेताहरूसँग छलफल गरिसकेका छौं। यदि राजनीतिक दलहरूले मधेशको मुद्दालाई सम्बोधन गराउन हाम्रो भूमिका खोज्छ भने हामी तयार हुन्छौं। हामीले त्यसका लागि मध्यस्थकर्ताको रूपमा भूमिका निर्वाह गर्न सक्छौं। हाम्रा नेतृत्ववर्ग धेरै सक्षम छन्। उहाँहरूले राजनीतिक मुद्दालाई राजनीतिक तवरले नै समाधान गर्नुहुन्छ। त्यसकारणले हामीले मधेशको आर्थिक, सांस्कृतिक र सामाजिक कुराहरूलाई जोड दिँदै गयौं भने सबै समस्या समाधान हुन्छ।

**० आयोगले कहिलेसम्म पूर्णता पाउँछ ?**

– जसरी अध्यक्षको चयन संवैधानिक परिषद्ले गरेको छ त्यसरी नै सबै सदस्यहरूको सिफारिस परिषद्ले नै गर्छ। यो आर्थिक वर्षभित्र आयोगले पूर्णता पाउँछ। आयोगले पूर्णता पाइसकेपछि हामीलाई पनि काम गर्न सजिलो हुन्छ।

**० अन्त्यमा के भन्न चाहनुहुन्छ ?**

– मधेशीहरूको सम्पूर्ण समस्याहरू समाधान गर्नकै लागि यो मधेशी आयोग गठन भएको छ। आयोगको केन्द्रीय कार्यालय, प्रादेशिक कार्यालय, जिल्ला कार्यालय मार्फत आफ्ना कुराहरू राख्न सक्छन्। सिधा कुरा गर्नका लागि मेरो व्यक्तिगत नम्बर ९८५४०२२८८२ मा मसँग सम्पर्क गर्दा हुन्छ। त्यस्तै, टोल फ्रि नम्बरमा सम्पर्क गर्न सकिन्छ। मधेशी आयोगको एप डाउनलोड गरेर आफ्ना समस्याहरू राख्न सकिन्छ। यो संवैधानिक आयोग भएकोले हामीले कुनै पनि काम संवैधानिक तवरले नै समाधान गर्न पहल गर्छौं।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

# प्रधानमन्त्रीलाई त्रिपाठीको पत्र





हृदयेश त्रिपाठी
सदस्य, प्रतिनिधि सभा
संघीय संसद
नवलपरासी, ५ नं. प्रदेश
नेपाल

सम्मनीय प्रधानमन्त्रीज्यू,
प्रधानमन्त्रीको कार्यालय
सिंहदरबार, काठमाडौं

विषय : उखु किसानको समस्याबारे

सम्माननीय प्रधानमन्त्रीज्यू

चालु आर्थिक वर्षको उखुको सिजन किसानहरूका लागि सर्वथा पीडादायी रह्यो। नेपालको इतिहासमा नै चिनी कारखानाहरू निर्धारित समयभन्दा करिब डेढ महिना ढिलो सञ्चालनमा आए। नेपाल सरकारबाट आवश्यक सकारात्मक हस्तक्षेप हुन सकेनन्। फलस्वरूप नवलपरासी, सर्लाही, सुनसरी लगायतका जिल्लाहरूमा लाखौं क्वीन्टल उखु किसानको खेतमा नै रहेको छ वा किसानले अन्य दुःखदायी विकल्प रोज्न बाध्य भएका छन्। रकममा रूपान्तरण गर्ने हो भने अर्बौं रूपैयाँको उखु कारखानासम्म पुग्न पाएन तथा समयमा खेत खाली हुन नसकेकाले किसान अर्को बाली लगाउन कठिनाई भोग्दै छन्। यसको मूल कारण सरकारको समयमा नै अग्रसरताको अभाव र चिनी कारखानाहरू समयमा सञ्चालन हुन नसक्नु नै हो।

गत वर्ष उखु मूल्यमा सरकारी अनुदानको रूपमा घोषित प्रति क्वीण्टल रू. ६५/२८ अनुदानको निर्णय नेपाल सरकार मन्त्रीपरिषद्ले निर्णय गरी नियमावली समेत पारित गऱ्यो। तर, कार्यन्वयन गर्ने निकाय कृषि मन्त्रालयको झन्झटिलो नियमावली र दुर्नियतका कारण सरकारले उपलब्ध गराएको अनुदानको रकम ४५ प्रतिशत किसानले आजसम्म पनि प्राप्त गर्न सकेका छैनन् जसको नकरात्मक प्रभाव बढी सरकार माथि परेको छ। कृषि मन्त्रालयको यस क्रियाकलापले गर्दा सरकार बदनाम हुँदैछ।

सम्माननीय प्रधानमन्त्रीज्यू,

देशको कूल जनसंख्याको करिब ६५% किसान रहेका छन्।

कृषि माथिको लगानी कर्मकाण्डी छ र त्यो किसान माथिको लगानी होइन। कृषि उत्पादन वृद्धि हुन नसक्नुमा अन्य कारणको बाहेक किसानले आफ्नो उत्पादनको मूल्य निर्धारण गर्न नपाउनुले पनि हो। सबै उत्पादनकर्ताले आफ्नो उत्पादनको मूल्य निर्धारण गर्ने गर्दछन्, किसान बाहेक। श्रम र लागत किसानको, मूल्य अरूको (विचौलिया) निर्धारण गर्दछन्। तसर्थ किसानले आफ्नो उपजको उचित मूल्य कहिल्यै पनि प्राप्त गर्न सक्दैनन्। जसले गर्दा थप उत्पादन वृद्धिमा किसान उत्साहित हुन सक्दैनन् र कृषि निर्वाहमुखी पेशा हुन गए। किसान इमान्दार करदाता र भलाद्मी मतदाताको रूपमा क्रमश: स्थापित भएका छन्। यसको उपचार किसानको हितमा कार्य गर्ने कतिपय देशका सरकारले गरेका विशेषज्ञ सम्मिलित उच्च स्तरीय कृषि उपज मूल्य निर्धारण आयोग गठन गरी न्यूनतम् समर्थन मूल्यको निर्धारणबाट मात्र सम्भव छ। यो कार्य गरेमा एकातिर किसानले आफ्नो उत्पादन न्युनतम् समर्थन मूल्य प्राप्त गर्ने र अर्को तर्फ विचौलियाको चलखेलमुक्त हुने अवस्थाको निर्माण गर्न सकिन्छ र उपभोक्ताले उचित मूल्यमा कृषि उपभोग्य सामग्री प्राप्त गर्ने वातावरण निर्माण गर्न सकिन्छ भनि सम्माननीय प्रधानमन्त्रीज्यूमा निवेदन गर्दछु।

किसानको अवस्थामा सुधार नआएसम्म सम्माननीय प्रधानमन्त्रीज्यूको 'समृद्ध नेपाल–सुखी नेपाली' को लक्ष्य अधुरो रहनेछ। तसर्थ म निम्नानुसारको विषयहरूमा सम्माननीय प्रधानमन्त्रीज्यूको विनम्रतापूर्वक ध्यानाकर्षण गराउन चाहन्छु।

क. कृषि माथिको लगानीलाई क्रमश: कृषक माथिको लगानीमा परिणत गर्न उपयुक्त हुन्छ। (हालसम्म कृषि कन्त्रालयको बजेट खर्च १८% किसानका लागि र ८२% अन्य साधारण खर्च लगायत तामझाममा हुने गर्दछ)

ख. मुख्य वालीजस्तो धान, गहुँ, उखु, स्याउ, अदुवाको न्यूनतम् समर्थन मूल्य निर्धारण गर्न स्थायी प्रकृतिको विशेषज्ञहरू सम्मिलित "उच्च स्तरीय मूल्य निर्धारण आयोग"गठन हुन आवश्यक छ।

ग. उखु किसानलाई दिइने अनुदान मूल्यमा समायोजन गरी पहिलेको नै व्यवस्था प्रभावकारी रहेको निवेदन गर्दछु।

घ. हाल किसानको खेतमा रहन गएको उखु यकिन गरी सो को उपयुक्त क्षतिपूर्तिको व्यवस्था गर्न आवश्यक रहेको छ।

अन्त्यमा, सम्माननीय प्रधानमन्त्रीबाट उपरोक्त विषयमाथि गम्भीरतापूर्वक विचार गरी आगामी बजेटमा उपयुत्तल व्यवस्था हुनेछ भनी विश्वस्त छु।

सधन्यवाद।

*मिति : २०७६/०२/०३*

# सम्झौता कार्यान्वयन गर्न जनतान्त्रिकको ध्यानाकर्षण

मा.प्रधानमन्त्री श्री खडग प्रसाद ओली ज्यू,
प्रधानमन्त्री तथा मन्त्रिपषिद्को कार्यालय,
सिंहदरवार, काठमाडौं, नेपाल।

विषय :– ठोस एवं निर्णायक पहलकदमीका लागी गम्भीर ध्यानाकर्षण।

उपरोक्त विषयमा यो गम्भीर ध्यानाकर्षण गराउन चाहन्छौं कि सर्वविदित नै छ की हामी वार्ता-सम्वाद-सहमती-सहकार्यकै माध्यमले हामी हाम्रो असहमति र देशमा विद्यमान सम्पूर्ण जटिलभन्दा जटिल समस्याहरूको दूरगामी सफल समाधान गर्न-गराउन चाहन्छौं र त्यसैकारण विगतदेखि नै नेपाल सरकार र राज्यद्वारा गठित सबै "वार्ता टोलीहरू" सित
औपचारिक-अनौपचारिक वार्ता-सम्वाद पटक-पटक गर्यौं र पटक-पटक विभिन्न समयमा विभिन्न
सहमतिहरू पनि भयो।

तर नेपाल सरकार एवं राज्य-पक्षले हामीसँग गरेको सहमति-सम्झौताहरूको कार्यान्वयन गर्न-गराउन प्राथमिकता दिएन र सहमति-सम्झौता कार्यान्वयनका लागि विभिन्न आयोग, समिति, संविधानसभा, संसदीय समितिहरू, संसदको राज्य व्यवस्था परामर्श समितिले दिएको सुझाव-निर्देशन-सिफासिसहरू समेत पनि नेपाल सरकारले कार्यान्वयन नगरेकै कारण हाम्रो हजारौं नेता-कार्यकर्ताहरू अर्ध-भूमिगत बस्न बाध्य पारिएको एवं सयकडौं नेता-कार्यकर्ताहरू विभिन्न झुट्ठा मुद्दाहरूमा वर्षौंदेखि कठोर नरकीय कारागार जीवन व्यतित गर्न बाध्य पारिएको र कारागारमा पनि उनीहरू माथि पटक-पटक ज्यान मार्ने उद्देश्यले सांघातिक हमलाहरू हुनेगरेको र तिनका घर-परिवार पनि निकै कष्टकर जीवन व्यतित गरिरहेकोले नेपाल सरकार र नेपाली राज्यसत्ताको दोहरो चरित्र देख्दा तिनको नियत र कार्यशैलीमाथि गम्भीर प्रश्नहरू र शंका-उपशंका-शंस्यहरू उब्जिएको र हामीलाई संशकित पारेको छ।

त्यसकारण, मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ तथा अन्तर्राष्ट्रिय मानवीय कानून, अधिकार एवं मानव अधिकार र लोकतन्त्रसम्बन्धी विश्वव्यापी आधारभूत सिद्धान्त तथा मान्यताहरूको रक्षा एवं कार्यान्वयन र नेपालको संविधानले प्रदत गरेको अधिकारहरू हामीले पनि प्रयोग-उपयोग-उपभोग गर्न-गराउन पाउनुपर्ने वातावरण मिलाइ दिन एवं तपशिलका विषयहरूको ठोस एवं निर्णायक कार्यान्वयनका लागि तपाईले प्रतिनिधित्व गर्ने पार्टी र त्यसको संसदीय दल, संघीय संसद (प्रतिनिधि सभा र राज्य सभा) र प्रधानमन्त्री तथा सरकार प्रमुखको हैसियतले आवश्यक सबै प्रकारले ठोस एवं निर्णायक पहल गरिदिनुहुन गम्भीर ध्यानाकर्षण गराउँदछौं।

नेपाल सरकारले कार्यान्वयन गर्नुपर्ने बुंदागत विषयहरू :–

१) नेपाल सरकार मन्त्रिपरिषदको निर्णयानुसार शान्तिमन्त्रीको नेतृत्वमा गठित सर्वाधिकार सम्पन्न वार्ता टोली र हामी बिच भए-गरेको मिति वि.सं. २०६८/०९/२६ गतेको सहमति-सम्झौताको कार्यान्वयन।

२) प्रतिनिधिसभा/संविधानसभा–२ को निर्देशन/मार्ग बमोजिम मन्त्रिपरिषद्द्वारा गठित पुनरावेदन अदालतका पूर्व मुख्य-न्यायाधीश श्री केशव प्रसाद मैनालीज्यूको संयोजकत्वमा गठित "सहमति-सम्झौता कार्यान्वयन सिफारिस आयोग-२०७१" (मैनाली आयोग) को सिफारिस प्रतिवेदनको कार्यान्वयन।

३) प्रतिनिधिसभा/संविधानसभा–२ द्वारा गठित पूर्वगृहमन्त्री एवं नेपाली कांग्रेस पार्टीका तत्कालीन सांसद श्री पूर्णबहादुरखड्का नेतृत्वको सर्वदलीय संसदीय समितिले गरेको सिफारिस प्रतिवेदनको कार्यान्वयन।

४) संविधानसभा–२ अन्तर्गतको डा. बाबुराम भट्टराईज्यू नेतृत्वको "संवैधानिक-राजनीतिक संवाद तथा सहमति समिति" र त्यसै अर्न्तगतको मा. श्री आनन्द प्रसाद ढुंगाना ज्यू नेतृत्वको "सर्वदलीय संसदीय" "प्रारम्भिक वार्ता उप-समिति" ले गरेको सहमति-सम्झौता र नेपाल सरकारलाई गरेको सिफारिस प्रतिवेदनको कार्यान्वयन।

५) पटक-पटक विभिन्न समयमा संसदीय समितिहरू, प्रतिनिधिसभा, संविधानसभा, आयोगहरू, समितिहरूले सर्व-सहमत निर्णयहरू गरी नेपाल सरकारलाई दिएको निर्देशन, सिफारिस, सुझाव प्रतिवेदनको कार्यान्वयन।

६) संविधानसभा-२ को निर्देशन बमोजिम मन्त्रिपरिषद्को निर्णय अनुसार गठित सर्वोच्च अदालतका तत्कालीन सह-महान्यायधिवक्ता श्री बद्रिप्रसाद गौतम नेतृत्वको समितिले नेपाल सरकारलाई दिएको निर्देशन, सिफारिस, सुझाव प्रतिवेदनको कार्यान्वयन।

७) मन्त्रिपरिषद्को निर्णय अनुसार गठित मा. श्री सोमप्रसाद पाण्डेज्यू नेतृत्वको सर्वाधिकार सम्पन्न "उच्च स्तरीय राजनीतिक वार्ता टोली – २०७५" ले नेपाल सरकारलाई दिएको निर्देशन, सिफारिस, सुझाव प्रतिवेदनको कार्यान्वयन।

८) मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ तथा अर्न्तराष्ट्रिय मानवीय कानुनहरू,अधिकारहरू एवं मानव अधिकार र लोकतन्त्र सम्बन्धी विश्वव्यापी आधारभुत सिद्धान्त तथा मान्यताहरूको परिधि एवं व्यवस्था अनुरूप र नेपालको संविधानले प्रदत गरेको अधिकारहरू हामीले पनि प्रयोग-उपयोग-उपभोग गर्न-गराउन पाउनुपर्ने वातावरण मिलाइ दिन एवं आवश्यक सबै प्रकारले ठोस एवं निर्णायक पहल गरिदिनुहुन गम्भीर ध्यानाकर्षण गराउँदछौं।

धन्यवाद।

मुक्ति अभिवादन सहित।

डा. मनोज मुक्ति "विवेक"
(राष्ट्रिय अध्यक्ष)
जनतान्त्रिक तराई मुक्ति मोर्चा

बोधार्थ :–

१) राष्ट्रिय मानवअधिकार आयोग, नेपाल।
२) संयुक्त राष्ट्र संघ।
३) नेपालको संघीय संसदमा प्रतिनिधित्व गर्ने सबै दलका उच्च नेतृत्व।
४) प्रतिनिधिसभा र राष्ट्रियसभाका सभामुख।
५) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय।
६) राष्ट्रपति र उप-राष्ट्रपतिको कार्यालय।
७) नेपालस्थित अन्तर्राष्ट्रिय कुटनीतिक नियोग तथा राजदूतावासहरू।
८) मधेशी आयोग, नेपाल
९) संघीय संसद सचिवालय
१०) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकारवादी संघ-संगठन-संस्था।
११) नेपाल पत्रकार महासंघ।
१२) नागरिक समाज।

# शिक्षा प्राप्त गर्न विदेश जानु पर्ने बाध्यता हटाउनु पर्दछ : प्रम ओली

काठमाडौं। प्रधानमन्त्री केपी शर्मा ओलीले शिक्षा प्राप्त गर्न विदेश जानु पर्ने बाध्यता हटाउनु पर्ने बताएका छन्। कान्तिपुर हिसान एडु फेयरको बिहिबार उद्घाटन गर्दै प्रधानमन्त्री ओलीले ज्ञानको विरूवा टुसाएको नेपालबाट शिक्षा आर्जनका लागि विदेश जानुपर्ने कुरा सुहाउदो नभएको बताएका छन्।

"देशलाई चाहिने शिक्षा यहीँ पाउनु पर्दछ", प्रधानमन्त्री ओलीले भने-"कुनै विशिष्ट प्रकारको प्राविधिक शिक्षा लिन विदेश जाने कुरा बेग्लै हो, तर सामान्य बिषय अध्ययनका लागि विदेश जाने चलन हटाउनु पर्दछ। त्यसैले हामीले विदेशमा जतिकै गुणस्तर दिन सक्ने शैक्षिक संस्था नेपालमै खोल्नु पर्दछ।"

सरकार निजी शिक्षाको विपक्षमा नभएको तर सामुदायिक शिक्षाको गुणस्तर उकास्न क्रियाशिल रहेको प्रधानमन्त्री ओलीले बताएका छन्। "निजी शैक्षिक संस्थालाई हामी जबरजस्ती बन्द गर्न भन्दैनौ तर सामुदायिकको गुणस्तर उकासेर निजीमा जानै नपर्ने स्थितीको सृजना गर्दछौं।"

प्रधानमन्त्री ओलीले शिक्षा,स्वास्थ्य,विकास जस्ता क्षेत्रमा सरकारर निजी क्षेत्रसँग सहकार्य गर्न तत्पर रहेको बताएका छन्। "शिक्षा,स्वास्थ्य,विकास जस्ता क्षेत्रमा लगानी गर्नुहोस्, सरकार तपाईंहरूलाई प्रोत्साहित गर्दछ। त्यती मात्र होइन तपाइंहरूको लगानीको सुरक्षा र संरक्षण पनि गर्दछ" प्रधानमन्त्री ओलीको भनाइ छ।

## मधेश अपडेट

### '१ करोड जरिवाना त्रुटिवश पर्न गयो'

जनकपुरधाम। प्रदेश २ को सरकारले सञ्चारसम्बन्धी विधेयकमा सम्प्रभुताविरूद्ध समाचार लेखे सञ्चारकर्मीलाई ५० लाखदेखि एक करोडसम्मको जरिवाना भन्ने वाक्यांश र शब्दावली प्राविधिक त्रुटिवश पर्न गएको जनाएको छ। प्रदेश २ का आन्तरिक मामिला तथा कानूनमन्त्री ज्ञानेन्द्र यादवले शुक्रबार एक विज्ञप्ति जारी गरी सो वाक्यांश र शब्दावलीलाई सञ्चारकर्मीहरूको थप परामर्शबाट संशोधन र परिमार्जन गरिने प्रतिबद्धता जनाएका छन् प्रेस स्वतन्त्रताको बहुआयामिक पक्षमाथि आघात पुग्ने र सञ्चारकर्मीहरूको जनउत्तरदायी कार्य निषेध गर्ने कुनै पनि पर्यत्न वा नियत प्रदेश सरकारको नरहेको कानूनमन्त्री यादवले प्रष्ट्याएका हुन्। पत्रकार र सञ्चार गृहहरूको गुणवर्त्ता वृद्धि गर्न प्रदेश सरकार गम्भीर रहेको मन्त्री यादवले विज्ञप्तिमार्फत जनाएका छन्।

### शहरी स्वास्थ्य क्लिनिक आफैं बिरामी

इमरान खान, कपिलवस्तु। कपिलवस्तु जिल्लाको कृष्णनगर नगरपालिकाको मनिकौरामा संचालित रहेको शहरी स्वास्थ्य क्लिनिक बाहिरबाट भैसीको गोठ जस्तो देखिने भित्र हेर्दा आफैं बिरामी अवस्थामा रहेको देखिन्छ। बि.स. २०७३/२/३१ मा स्थपित क्लिनिकमा एक हेल्थ असिसटेन्ट एक एनम र एक कार्यालय सहायक को दरबन्दी रहे पनि अहिलेसम्म एनम को ब्यवस्था हुन सकेको छैन। सो गाउँको समुयिक भवनमा संचालित भएको ३ बर्ष बितिसक्दा नगरपालिकाले एउटा टेबुल र दराज मात्र उपलब्ध गराएको छ भने गाउँकै समाजसेवी बैजनाथ चौधरी (सकाले) ले सुरूमा नै पुरानो २ वटा कुर्सी र औषधि राख्ने रेक सहयोग गरेको र त्यसैबाट काम चलाउने गरिएको छ। सो कार्यलयमा बिद्धुत नहुदा गर्मीमा बिरामी तथा क्रमचारी बस्न गाह्रो हुँदा सब मिटर जडान गरी आफ्नै गोजीबाट बिलको रकम तिरेर एउटा पंखा चलाएको हे.अ. राम महेश यादवले बताए।

### लुम्बिनीमा कोसेली घर

बुटवल। पर्यटकलाई आकर्षित गर्नका लागि लुम्बिनीमा कोसेली घरको स्थापना गरिएको छ। लुम्बिनी भ्रमण वर्षमा अत्याधिक पर्यटकलाई लुम्बिनी भ्रमण गराउने उद्देश्यले विभिन्न तयारी गरिएको छ सोही अनुरूप कोसेली घरको पनि स्थापना गरिएको हो। प्रदेश ५ मा घरेलु तथा साना उद्योगबाट उत्पादित हस्तकलाका सामाग्री प्रदर्शन र बिक्रिका लागि लुम्बिनीमा कोशेली घर स्थापना गरिएको छ। प्रदेश सरकारको छ लाख रूपैंया सहयोगमा नेपाल उद्योग वाणिज्य महासङघ प्रदेश ५ सहित यस क्षेत्रका विभिन्न व्यावसायिक संस्थाले कोशेली घरको समन्वयन र व्यवस्थापन गरेका हुन्। लुम्बिनीको अस्थायी सभाहल अगाडी कोशेली घर स्थापना गरिएको भए पनि केहि दिनमा शान्ति दीप नजिकै लुम्बिनी विकाश कोषले उपलब्ध गरायको कोठामा कोशेली घर रहने छ।

### पदाधिकारीहरूको शपथ ग्रहण

जनकपुरधाम। तत्कालीन संघीय समाजवादी फोरम नेपालको मधेश प्रदेश समितिको प्रदेश अधिवेशनबाट निर्वाचित सदस्यहरूको सपथ ग्रहण सम्पन्न भएको छ। समाजवादी पार्टी नेपालको व्यानर मुनी नवनिर्वाचित प्रदेश समितिका सदस्यहरूले शुक्रबार शथप ग्रहण गरेका हुन्। समाजवादी पार्टीका केन्द्रीय उपाध्यक्ष एवम् प्रदेश नं. २ का मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीको प्रमुख आतिथ्यमा नवनिर्वाचित अध्यक्ष विजय कुमार यादवले सदस्यहरूलाई पद तथा गोपनियताको शपथ ग्रहण गराएका हुन्। शपथ ग्रहण समारोहलाई सम्बोधन गर्दै प्रमुख अतिथि राउतले प्रदेशमा पार्टी संगठन सुदृढिकरणको जिम्मा नवनिर्वाचत समितिमा आएको उल्लेख गर्दै पार्टीलाई एक ढिक्का बनाएर अघि बढ्न सुझाव दिएका हुन्। शपथ ग्रहण समारोहमा केन्द्रीय सदस्य शैलेन्द्र प्रसाद साह, योगेन्द्र राय यादव, कौशल कुमार यादव लगायतको उपस्थिति रहेको थियो।

### पूर्व प्राध्यानध्यापक साहको निधन

राकेश यादव, रौतहट। नेपाल शिक्षक संघ रौतहटका पूर्व अध्यक्ष एवं पूर्व प्राध्यानध्यापक हृदय नारायण साहको निधन भएको छ। नेपाल शिक्षक यूनियन रौतहटको संस्थापक अध्यक्ष समेत रहेका साहको ६७ वर्षको उमेरमा सोमबार निधन भएको हो। २०७० सालको दोस्रो संविधान सभामा नेकपा एमालेको तर्फबाट प्रतिनिधि सभाका सदस्य पदको प्रत्यासी बनेका साहको निधनले अपूरणीय क्षति भएको नेपाल राष्ट्रिय शिक्षक संगठनका अध्यक्ष धर्मेन्द्र सिंहले बताएका छन्। शिक्षा क्षेत्रमा लामो समयसम्म योगदान पुयाएका साहको योगदान स्मरणीय रहने भन्दै उनीप्रति भावपूर्ण श्रन्दांजली अर्पण गरेका छन्। पूर्व प्रधानाध्यापक साहको निधनप्रति रौतहटका विभिन्न शिक्षासँग संगठन यूनियन मंच लगायतले दुःख व्यक्त गरेका छन्। नेपाल शिक्षक संघ, नेपाल राष्ट्रिय शिक्षक संगठनको भएको संयुक्त बैठकले शोकमा मंगलबार एक दिन सबै सामुदायिक विद्यालय बन्द गर्न आव्हान गरेका छन्।

### बुद्धभूमिमा सम्पत्ति कर पनि अनलाइनबाट

कपिलवस्तु। बुद्धभूमि नगरपालिकाले अनलाइन प्रविधिबाट सम्पत्ति कर, राजश्व दस्तुर काट्ने व्यवस्था लागु गरेको छ। नगर प्रमुख केशव कुमार श्रेष्ठले सूचना प्रविधि प्रयोगले राजश्व चुहावट कम हुने तथा जनताले आधुनिक समयअनुसार अनलाइनमार्फत आफूले बुझाउने राजश्व दरहरू मोबाइल एप्लिकेशन मार्फत सबै जानकारीहरू पाउन सकिने कुरा बताए। साथै अनलाइनको प्रयोगले नगरका हरेक कुराहरू मोबाइल एप्पबाट हेर्न सकिने कुरा बताए। त्यस्तै प्रमुख प्रशासकीय अधिकृत मेघनाथ पाध्याले सूचना प्रविधिको प्रयोगले यस नगरको मुहार फेरिएको र अनलाइन मार्फत सम्पत्ति कर तथा राजश्वका असुल गर्दा चुहावट कम हुने तथा बढी पारदर्शिता हुने कुरा बताए।

### नेपाल लाइफको वार्षिक साधारणसभा सम्पन्न

वीरगन्ज। नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको वीरगंजमा सम्पन्न १९औं वार्षिक साधारण सभाद्वारा शेयरधनीहरूलाई चुक्ता पूँजीको २५ प्रतिशत बोनस शेयर तथा प्रति शेयर रू.२३.५० (कर सहित) वितरणको प्रस्ताव पारित भएको छ। बोनस शेयर वितरण पश्चात कम्पनीको चुक्ता पूँजी जीवन बीमा क्षेत्रकै सर्वाधिक रू. ५,४९,९६,१६,०८१०/– हुनेछ। अध्यक्ष गोविन्द लाल संघईको अध्यक्षतामा सम्पन्न उक्त साधारण सभामा स्वागत मन्तव्य एवं वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै उनले समिक्षा वर्षमा कम्पनीले कुल बीमाशुल्क आम्दानीमा सर्वाधिक करिब ३२ प्रतिशत बजारहिस्सा हासिल गर्न सफल भएकोमा सम्बद्ध सबैमा हार्दिक बधाई एवं शुभकामना व्यक्त गरे। सभाबाट आ.व.२०७४/०७५ को संचालक समितिको वार्षिक प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाब, आय व्यय हिसाब, नगद प्रवाह विवरणहरू एवं कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा गरिएको संशोधन प्रस्तावहरू सभाद्वारा स्वीकृत भएको छ।

### राष्ट्रपतिद्वारा लुम्बिनी भ्रमण वर्षको उद्घाटन

बुटवल। राष्ट्रपति विद्यादेवी भण्डारीले लुम्बिनी भ्रमण वर्ष २०७६ को उद्घाटन गरेकी छन्। प्रदेश ५ सरकारले घोषणा गरेको लुम्बिनी भ्रमण वर्ष २०७६ को शनिबार लुम्बनीबाट सुभारम्भ गरेकी छन्। राष्ट्रपति भण्डारीले लुम्बिनी विकासको गुरूयोजना कार्यान्वयन अहिलेको आबश्यकता भएको बताएकी छन्। उनले ग्रेटर लुम्बिनीको गुरूयोजना कार्यान्वयनमा जोड दिएकी छन्। बुद्ध परिपथ निर्माण गरी विश्वकै सांस्कृतिक पर्यटक स्थल बनाउनुपर्ने उनको जोड छ। कार्यक्रममा प्रधानमन्त्री केपी शर्मा ओलीले सरकारको ध्यान ग्रेटर लुम्बिनीतर्फ गएको बताए।

### 'मेस्तर समुदायको समस्या समाधान गरिन्छ'

जनकपुरधाम। मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले मेस्तर समुदायहरूको पेशागत समस्या कानून बनाएरै समाधान गरिने बताएका छन्। नेपाल राउत मेहतर उत्थान समाजको ज्ञापन पत्र ग्रहण गर्दै मुख्यमन्त्री राउतले मेस्तर समुदायको पेशागत, स्वास्थ्य तथा शिक्षा सम्बन्धि समस्या प्रति प्रदेश सरकार गम्भीर रहेको र कानून बनाएर ती सबै समस्याहरूको समाधान गरिने बताएका हुन्। उनले प्रदेशसभामा विचारधिन रहेको दलित सशक्तिकरण ऐनले समेत यस्ता समस्याहरूको समाधान गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने उल्लेख गरे। समाजको केन्द्रिय समितिले पेशागत समस्या, भेदभाव र श्रमशोषणको अन्त, नि:शुल्क स्वास्थ्य उपचार तथा शिक्षाको ग्यारेन्टी सहितका मांग राख्दै आज ज्ञापन पत्र बुझाएको हो।

# बढ्दो महत्वकांक्षाले विवाद



**राकेश कुमार यादव**

रौतहट जिल्लामा विगत केही दिनदेखि स्थानीय तहका उपप्रमुख तथा उपाध्यक्षको विवादले विभिन्न संचारमाध्यममा स्थान पाएका छन् । स्थानीय तहका मेयर वा अध्यक्षले अधिकार कुण्ठित गरेको भन्दै केही स्थानीय तहका उपमेयरहरूले विवाद सिर्जना गरेका हुन् ।

मेयर र उपमेयर बिचको विवादले सेवाग्राहीहरूको कामकाजका साथै विकास निर्माणको कार्यमा प्रत्यक्ष असर परेको छ । संविधानले स्थानीय तहको प्रमुख र उप-प्रमुखको अधिकार छुटा-छुटै तोकिएको भएता पनि असमझदारी, महत्वकांक्षी, अशिक्षा, परनिर्भताको कारण विवाद उत्पन्न भएको हो । वर्षको अन्तिममा आएर अधिकारको सवाल उठाएर स्थानीय तहका उपमेयर, उपाध्यक्षहरूले विवाद गर्ने गरेकाले बजेटको भागवण्डा नमिलेको कारण मेयर र उपमेयर विच विवाद भएको भनेर आलोचना हुने गरेको छ ।

कानुनी रूपमा अधिकार पाएका उपमेयर, उपाध्यक्षहरूले आफ्नो पदिय जिम्मेवारी बहन नगरी अनावश्यक विवाद गर्ने गरेको देखिएको छ । स्थानीय सरकार संचालन ऐन २०७४ ले उपप्रमुख उपाध्यक्षको काम कर्तव्य अधिकार स्पष्ट गरिसकेको छ । मुलुक संघीय लोकतान्त्रिक गणतन्त्र व्यवस्थामा गईसकेको अवस्थामा तीन तहका सरकारहरू रहेका छन् । संघ, प्रदेश तथा स्थानीय सरकार रहेको अवस्थामा नेपालको संनिधान २०७२ मा सबै सरकारले आफ्नो कानुन बनाएर जनताको हक अधिकारको लागी कार्य गर्ने भनिसकेको छ ।

स्थानीय तहले २० वटा कानुन वनाएर कार्यान्वयन गर्न सक्ने अधिकार पाएको छ । राजनीतिक समस्या तथा विभेद ग्रसित मानसिकताको कारण संघीय सरकारले प्रदेश २ लाई आफ्नो अधिकार प्रयोग गर्नमा बाधा पुऱ्याई रहेको छ । रौतहटमा मात्रै होइन देशभरी आन्तरिक समस्या रहेको छ । यो यर्थात पनि हो ।

कानुनी रूपमा अधिकार तोकिए पनि व्यवहारिक रूपमा आपसी समझदारीले दुवै जना मिलेर कार्य गरिरहेका छन् । स्थानीय एक उपमेयरले बढी महत्वकांक्षाका कारण विवाद भएको बताएका छन् । जनताको मतवाट जितेर आएपनि कानुनी रूपमा अधिकार फरक-फरक रहेको छ । सवै अधिकार मेरो हो भनी मेयरले ठान्ने र उपमेयरले मेयर जस्तो अधिकार हुनुपर्छ भनि आकांक्षा राख्नुले आपसी द्वन्द भएको अनुमान गरिएको छ । उपमेयरले न्यायिक समितिको संयोजक



भई काम गर्नेछ ।

यसको अलावा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १६ मा यस्तो अधिकार तोकिएको छ । न्यायिक समितिको संयोजक भई कार्य गर्ने, अध्यक्ष वा प्रमुखको अनुपस्थितिमा निजको कार्यभार सम्हाल्ने, गैरसरकारी संघसंस्थाका क्रियाकलापको समन्वय गर्ने, उपभोक्ता हित संरक्षण सम्वन्धी कार्यको समन्वय गर्ने, योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सोको प्रतिवेदन बैठकमा पेश गर्ने, सभा र कार्यपालिकाद्धारा गठित समितिहरूको काममा सहजीकरण र समन्वय गर्ने , सात दिन भन्दा बढी समय गाउँपालिका वा नगरपालिकामा अनुपस्थित हुने भएमा अध्यक्ष वा प्रमुखलाई जानकारी गराउने, उपदफा ८ मा सभा कार्यपालिका तथा अध्यक्ष वा प्रमुखले प्रत्यायोजन गरेका वा तोकेका अन्य कार्य गर्ने तोकिएको छ ।

उपाध्यक्ष वा उपप्रमुखले न्यायिक समितिको संयोजक भई यस ऐनको परिच्छेद ८ को दफा ४६ देखि ५२ सम्मको अधिकार प्रयोग गर्ने अधिकार उपाध्यक्ष वा उपप्रमुखको रहेको छ । कानुनले जति अधिकार दिएको छ त्यो अधिकार आफ्नो दायित्व वुझेर पालना गरे उपप्रमुखलाई फुर्सद हुन सक्दैन ।

कानुनले दिएको अधिकारको पालना नगरी राजनितिक प्रभाव, लोग्नेको दवाव, आपसी स्वार्थले वजेटको भागवण्डाको कारण विवाद हुने गरेको छ । संविधानको धारा २१७ को कार्यान्वनको लागी स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४६ मा प्रत्येक गाउँपालिका तथा नगरपालिकामा एक न्यायिक समिति रहने व्यवस्था गरिएको छ ।

दफा ४७ को १ र २ मा न्यायिक समितिलाई २ प्रकारको न्याय निरूपण गर्ने अधिकार प्रदान गरेको भए पनि उपमेयरहरूले त्यस तर्फ ध्यान नदिई बजेट लिने सोच राखेका कारण वैधानिक रूपमा पाएको अधिकार पनि ओझेलमा परेका छन् । निर्वाचन भएको २ वर्ष बित्न लाग्दा न्यायिक समितिले पुर्णता पाएको अवस्था छैन । न्यायिक समितिको लागी चाहिने कर्मचारी, कानुन व्यवसायीको संघीय सरकारले व्यवस्थापन नगर्दा झन् समस्या भएको उपप्रमुखहरूको गुनासो रहेको छ । यो समस्या यर्थात् रहेको छ ।

न्यायिक समितिले निरूपण गने पाउने विवादहरूमा आलीधुर, वाधपैनी, कुलो वा पानीघाटको बाँडफाँड तथा उपयोग , अर्काको वाली नोक्सानी गरेको, चरन, घाँस दाउरा, ज्याला मजदुरी नदिएको , घरपालुवा पशुपंक्षी हराएको वा पाएको , जेष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेको, नाबालक छोरा छोरी वा पति पत्नीलाई इज्जत आमद अनुसार खान लाउन शिक्षा दिक्षा नदिएको । बार्षिक २५ लाख रूपैयाँ सम्मको विगो भएको घर बहाल र घर बहाल सुविधा । अन्य व्यक्तिको घर जग्गा वा सम्पतिलाई असर पर्ने गरी रूख विरूवा लगाएको, आफनो घर वा बलेसीवाट अर्काको घर जग्गा वा सार्वजनिक वाटोमा पानी झारेको , संधियारको जग्गातर्फ झयाल राखी घर बनाउनु पर्दा कानुनले तोकेको मापदण्ड पुरा नगरेको, कसैको हक वा स्वामित्वमा भएपनि परापुर्व देखि सार्वजनिक रूपमा प्रयोग गर्दै आएको बाटो, बस्तुभाउ निकाल्ने निकास, बस्तुभाउ चराउने चउर कुलो नहर पोखरी पाटीपौवा, अन्त्यष्टी स्थल, धार्मिक स्थल वा अन्य कुनै सार्वजनिक स्थलको उपयोग गर्न नदिएको वा बाधा पुऱ्याएको तथा संघीय वा प्रदेश कानुनले स्थानिय तहवाट निरूपण हुने भनि तोकेको अन्य विवाद सुनुवाई प्रक्रियाबाट निरूपण गर्नुपर्ने अधिकार रहेको छ । १६ नगरपालिका र २ गाउँपालिका मध्ये वढी विवाद कटहरिया नगरपालिका, फतुवा विजयपुर नगरपालिका , देवाही गोनाही नगरपालिका, यमुनामाई गाउँपालिका, राजदेवी नगरपालिकामा देखिएका छन् ।

गरूडा नगरपालिकामा विवाद रहेपनि अहिले स्थिति समान्य भई कामकाजमा निरन्तरता पाएको छ । उपप्रमुख रंगिला देवी जयसवालले कानुनी रूपमा दिइएको अधिकार स्वतन्त्र रूपमा प्रयोग गर्नुपर्ने वातावरण नगरप्रमुखले बनाउनुपर्ने धारणा राखेकी छिन् । मौलापुर नगरपालिकाका उपप्रमुख गौरीशंकर जयसवालले दुवै जना जनताको मतले निर्वाचित भएकोले आपसमा सहकार्य समन्वय गरी अगाडी बढ्नुपर्ने आवश्यकता रहेको बताएका छन् । जनतावाट जनताको लागी कार्य गर्नलाई निर्वाचित भएको जनप्रतिनिधिहरूले आ-आफनो अधिकारको दायरामा रही विकास निर्माणको कार्य गर्नुपर्छ ।

मधेशमा जटिल समस्याको रूपमा रहेको दाईजो प्रथा, वाल विवाह, वोक्सी जस्ता सामाजिक विकृति हटाउने तर्फ ध्यान दिनुपर्नेछ । आर्थिक विकास, समाजिक विकास, मानसिक विकास गर्ने योजना तर्फ ध्यानकेन्द्रित गर्नुपर्छ । आपसी मनमुटाव छोडेर वेराजगारी समस्या समाधान, उद्योग कलकारखानाको स्थापना, सिचाँई, कृषि, स्वास्थ्य, शिक्षाको विकास मुख्य प्राथमिकतामा राखेर अगाडी बढेमा समृद्ध नेपाल सुखी नेपाली सरकारको लक्ष्य पुरा हुनेछ ।

*(यादव रौतहटका स्थानीय पत्रकार हुन् ।)*

## संक्षिप्त समाचार

### देवदहमा राष्ट्रिय काष्ठकला कार्यशाला

रूपन्देही । देवदह नगरपालिकामा राष्ट्रिय काष्ठकला कार्यशाला बुधबारदेखि सुरू भएको छ । देवदह-६ स्थित गौतमबुद्ध राष्ट्रिय उद्यान, ज्योतिनगरमा देवदह राष्ट्रिय काष्ठकला कार्यशाला-२०७६ सुरू भएको हो । नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान काठमाडौं र बुद्ध सामूदायिक वन उपभोक्ता समूह देवदह ५ र ६, रूपन्देहीको आयोजना, ड्रिम देवदह युनिटी फर चेन्जको प्रबर्द्धन र देवदह नगरपालिका पर्यटन प्रवर्द्धन समितिको मुख्य संरक्षणमा काष्ठकला कार्यशाला सुरू भएको हो । देवदहका पार्कहरू काष्ठकला, मूर्तिकला, कलात्मक बिम्ब, प्राचीन कोलीय सभ्यता झल्किने स्मारकहरू स्थापित गर्ने र देशका मुख्य मूर्तिकारहरूलाई देवहमा निमन्त्रणा गरी काठमा मूर्तिकला, कलात्मक बिम्बहरू निर्माण हुनेछन् । जेठ ८ गतेसम्म हुने राष्ट्रिय काष्ठकलाले देवदहको पर्यटन विकासमा एउटा कोशेढुंगाको काम गर्ने विश्वास गरिएको छ ।

### संसदीय पत्रकार मञ्च प्रदेश १ गठन

विराटनगर । प्रदेश १ मा संसदीय पत्रकार पत्रकार मञ्च गठन गरिएको छ । विराटनगरमा रहेर संसदीय रिपोर्टिङ गर्ने पत्रकारको भेलाले ९ सदस्यीय संसदीय पत्रकार मञ्च प्रदेश १ गठन गरेको हो । मञ्चको अध्यक्ष गणेश लम्साल, उपाध्यक्ष बाबुराम भण्डारी, सचिव कुमार लुइँटेल, सहसचिव तारा आचार्य र कोषाध्यक्ष बिनु तिम्सिना रहेका छन् । त्यसैगरी सदस्यहरू अनन्त न्यौपाने, सुमन सुस्केरा, मिलन बुढाथोकी र ध्रुव भट्टराई रहेका छन् ।

### अन्तरक्रिया कार्यक्रम सम्पन्न

राकेश यादव, रौतहट । कुष्ठरोगको अभियान सम्बन्धी संचारकर्मी बीचको एकदिवसीय अन्तर्क्रिया कार्यक्रम ईशनाथ नगरपालिका स्वास्थ्य शाखा औरैयाको आयोजनामा मंगलवार स्थानीय वडा नम्बर ९ परोहा डुमरियामा सम्पन्न भएको छ । कुष्ठरोग निवारण गर्ने उद्देश्यले नेपाल सरकारले सञ्चालन गरेको अभियान सफल बनाउने विषयमा छलफल गर्ने उद्देश्यले कार्यक्रम आयोगजा गरिएको थियो । अन्तरक्रिया कार्यक्रममा नगरप्रमुख संतोष मेहताले नगरपालिकाको सबै वडामा निगरानीका साथ रोगी खोज्ने कार्य गर्न निर्देशन दिएका छन् । कुष्ठरोग कीटाणुबाट लाग्ने सरूवा रोग भएकोले खोजी कार्यमा लापरवाही क्षम्य नहुने समेत चेतावनी दिएका छन् ।

### अवैध लागूऔषध बरामद

पर्सा । पटेर्वा सुगौली गाउँपालिका ५ देवरिया बस्ने ठग ओझैया थारूको घर र सोही ठाउँस्थित नालीबाट विभिन्न प्रकारका अवैध लागूऔषध मंगलबार बिहान प्रहरीले बरामद गरको छ । ओझैयाको घरबाट अवैध लागूऔषध चरेश २२ किलो, लागूऔषध गाँजाको धुलो २४ किलो, लागूऔषध चरेश बनाउने मेसिन ११ थान, फर्मा २२ थान तथा सोही ठाउँस्थित नालीमा वेवारिसे अवस्थामा गाँजा १ सय ७८ किलो, गाँजाको धुलो ५० किलो, चरेश २० किलो समेत गरी चरेश ४२ किलो, गाँजाको धुलो ७४ किलो र गाँजा १ सय ७८ किलो फेला पारी प्रहरीले बरामद गरेको हो । उनको घरमा गाँजा लुकाईछिपाई राखेको खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरीले उक्त परिमाणको अवैध लागूऔषध बरामद गरको हो । ठग ओझैया थारू फरार रहेकोले प्रहरीले खोजी गरिरहेको छ ।

### नगद ठगी गरेको अभियोगमा पक्राउ

मोरङ । नगद ठगी गरेको अभियोगमा ग्रामथान ६ बनिगाउँ बस्ने ३० वर्षीया मिना चौधरी र आशु कुमारी चौधरी आइतबार दिउँसो पक्राउ परेका छन् । मिना र आशु कुमारी समेत ३ जनाले बेलबारी ९ डागा बजार बस्ने ३५ वर्षीय धनु खवास लगायत २० जनालाई भेला जम्मा गरी आफूहरू आरएन बैंक बिराटनगरबाट आएको र बिना धितो तत्काल २ लाख ऋण दिन्छौ भनि उनीहरूको नागरिताको फोटोकपी र नगद ५ हजारका दरले १ लाख ६ हजार रूपैयाँ उठाएर लिएका थिए । उनीहरूले ठगी गरेको बुझिन आएकोले पीडितहरूले नै दुबै जनालाई फेला पारी कानुनी कारबाही गरी ठगी भएको रकम अशुल उपर गरी दिनहुन भनी अस्थाई प्रहरी चौकी डाँगा बजारमा बुझाएका हुन् । ठगीमा संलग्न फरार १ जनाको खोजी गर्नुका साथै यस सम्बन्धमा प्रहरीले थप अनुसन्धन गरिरहेको छ ।

### लागूऔषध बनाउने मेसिन बरामद

पर्सा । पर्सा जिल्लाको पटेर्वा गाँउपालिका ५ डेउरिया गाँउबाट एपीएफ टोली र स्थानीय प्रहरीले विभिन्न किसिमको लागूऔषध तथा लागूऔषध बनाउन प्रयोग हुने मेसिन बरामद गरेको छ । सशस्त्र प्रहरी बल, नेपाल सुरक्षा बेस पोखरियाबाट खटिएको एपीएफ टोली र स्थानीय प्रहरीले सोही ठाउँस्थित दुई वटा घर र उक्त घर नजिकैको नालामा लुकाई छिपाई राखेको अवस्थामा करीब २७८ के.जी. गाँजा, गाँजाको पाउडर १०६ के.जी., चरेस १९ के.जी र लागूऔषध बनाउन प्रयोग हुने मेसिन ३ वटा तथा काठको फर्मा १९ वटा बरामद गरेको छ ।

### ट्रक र मोटरसाइकल ठोक्किँदा एकको मृत्यु

मोरङ । पथरी सनिश्चरे नगरपालिका २ स्थित ना.५ ख ३०२६ नम्बरको ट्रक र को.९ प ५८८३ नम्बरको मोटरसाइकल ठोक्किएको छ । शनिबार बिहान एक आपसमा ठक्कर खाँदा गम्भीर घाइते भएका मोटरसाइकल चालक लेटाङ ९ जाते बस्ने २६ वर्षीय राधे जोगीको विराट नर्सिङहोम विराटनगरमा उपचारको क्रममा मृत्यु भएको छ । दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार पथरी सनिश्चरे नगरपालिका ७ मंगलबारे बस्ने ३३ वर्षीय उमेश जोगीको सोही अस्पतालमा उपचार भइरहेको छ । दुर्घटना भएका स्थानमा तत्काल स्थानीय प्रहरी टोली खटिई गई उद्धार कार्य एवम् थप अनुसन्धान गरिरहेको छ ।


सूचना

व्यक्तिगत घटना, जन्मदर्ता, विवाहदर्ता, सम्बन्ध विच्छेद, बसाईसराई, मृत्युदर्ता आदि समयमै दर्ता गराई कानूनी अधिकारको सुनिश्चितता प्राप्त गरी सभ्य र सार्वभौम नागरिकको परिचय दिऔं ।

जनकपुरधाम उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रदेश नं. २ धनुषा



सूचना

व्यक्तिगत घटना, जन्मदर्ता, विवाहदर्ता, सम्बन्ध विच्छेद, बसाईसराई, मृत्युदर्ता आदि समयमै दर्ता गराई कानूनी अधिकारको सुनिश्चितता प्राप्त गरी सभ्य र सार्वभौम नागरिकको परिचय दिऔं ।

मटिहानी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रदेश नं. २, महोत्तरी



गणतन्त्रको उपलब्धि संस्थागत गरौं, 'समृद्ध नेपाल, सुखी नेपाली'को लक्ष्य साकार पारौं, गणतन्त्र दिवस २०७६ भव्य रूपमा मनाऔं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# ‘मातृभूमिका लागि नेपाली’को केन्द्रीय परिषद् घोषणा

काठमाडौं । देश र नागरिकलाई केन्द्रमा राखेर नागरिकहरूमा देशभक्ति उजागर गर्ने उद्देश्यका साथ नागरिक अगुवाहरूको समूहले गठन गरेको ‘मातृभूमिका लागि नेपाली’को महाभेला काठमाडौमा सम्पन्न भएको छ ।

शनिबार प्रज्ञा भवनमा आयोजित एक विशेष कार्यक्रममा मातृभूमिका लागि नेपालीको घोषणा गरिएको हो । केशवप्रसाद भट्टराइको सभातित्वमा आयोजित भेलामा विभिन्न जिल्लाका सचेत नागरिकहरूको सहभागिता थियो ।



महाभेलामा आएका सहभागीहरूलाई लुम्बिनी, मूक्तिनाथ र सिन्धुली लडाइँको किल्लाबाट ल्याइएको माटोको टीका लगाएर स्वागत गरिएको थियो भने बुद्ध प्रतिमाको नमन गर्दै देशका लागि लड्ने शहीदको स्मरण एवम् ‘गाउँछ गीत नेपाली’’ गीतको गुञ्जनबाट भेला आरम्भ गरिएको थियो । सो भेलाले देवप्रकाश त्रिपाठीको संयोजकत्वमा ‘मातृभूमिका लागि नेपाली’को केन्द्रिय परिषद् घोषणा गरेको छ ।

परिषद्मा डा. तिलक रावल, केशवप्रसाद भट्टराई, नारायणप्रसाद कोइराला, अरूणकुमार सुवेदी, डा. राजेश अहिराज, लक्ष्मीप्रसाद आचार्य, डा. भरत थापा, सुवास आचार्य, गोमा प्रधान, विमला थापा, नरोत्तम श्रेष्ठ, सनत आचार्य, दीपक गजुरेल, शम्भुमान सिंह, हमिद शाह रहेका छन् ।

यसैगरी, जगदिशकुमार थापा, भवानी शर्मा, रामेश्वर चौलागाईं, राजकुमार श्रेष्ठ, राजाराम श्रेष्ठ, कृष्णराज शर्मा, शेखर ढुङ्गेल, सुशील देवकोटा, सागर सुवेदी, यमलाल सुवेदी, डा. अम्बारिश पोखरेल, छत्रबहादुर मैनाली, वीरबहादुर चौधरी, नवीन हमाल, विजय ज्ञवाली, पूर्णसिंह खड्का, राजेन्द्र राना, बृषध्वज वाइवा, श्यामसुन्दर शर्मा, डिल्ली बसेल, माधवी कटुवाल, काशिराम ढुङ्गाना, आभासेतु सिंह , बासुदेवचन्द्र मल्ल, गौरिलाल डाँगी, रामप्रसाद पौडेल, डा. गणेश शाह, अमन खड्का, कल्पना मेघाले मगर, गजेन्द्र हमाल, गजेन्द्र पौडेल, दिलमाया तामाङ, प्रवल नरसिंह राणा, रमेश रिसाल, रामेश्वर राउत, कृष्ण लामा, काशिराम पाठक, हर्क कार्की, जयबहादुर मल्ल, केशव चौलागाईं, यज्ञबहादुर थापा, अमर सुनार, रोममणी पाठक, युवराज केसी, छन्द भुषाल, केशव खतिवडा, जुलुमरत्न डडेल, कर्ण केसी, हरिराज श्रेष्ठ, जगतगुरू वीरेन्द्र आचार्य, स्वरूप सुयल, वीरेन्द्र साह, अफजल मिया र माधव नेपाल लगायत सदस्य रहेका छन् । भेला आयोजनाबारे प्रकाश पार्दै संयोजक देवप्रकाश त्रिपाठीले राजनीतिकर्मीले देशलाई केन्द्रमा राखेर सोचिदिउन् भन्ने नेपालीको आशा टुटेकोले अभियान शुरू गर्नुपरेको बताए ।

सभामा मन्तव्य राख्दै अर्थविद् डा. तिलक रावलले देशको आर्थिक अवस्था पहिलेदेखि नै नराम्रो रहेको र वर्तमान सरकार निर्माणपछि निकै आशा गरिएकोमा झनै नराम्रो दिशातिर मुलुकको आर्थिक अवस्था खस्किएको चित्रण गरे ।

डा. राजेश अहिराजले देशमा आरक्षण होइन सवलीकरणको आवश्यकता रहेको तार्किक धारणा प्रस्तुत गरेका थिए । उनले आरक्षणले सक्षमलाई पलायन गराउने उल्लेख गर्दै आरक्षण बिषवृक्ष भएकोले पूर्णतः खारेज गरिनुपर्ने माग गरेका थिए ।

# सशस्त्र प्रहरीको घुसखोरी आतंक !

वीरगन्ज । वीरगन्ज भन्सार कार्यालयमा राजस्व नियन्त्रण गर्न खटिएको सशस्त्र प्रहरीले अहिले घुसखोरीको आतंक नै मच्चाएका छन् । घुस दिए जस्तोसुकै सामान पनि ल्याउन छुट भने घुस नदिए विल विजग सहितको सामानलाई पनि नियन्त्रणमा लिएर भन्सार कार्यालय बुझाउने गरेको देखिएको छ । कुनैपनि सामान ल्याउन पैसा बेरेर हातमा समाईदिए जस्तोसुकै सामान पनि चेकजाँच नगरि भारतबाट नेपाल ल्याउन सकिने अवस्था छ । सशस्त्र प्रहरी नायब उपरीक्षक तिलक खड्काको निर्देशनमा खटिएका सशस्त्र प्रहरी टोलीले विहान र बेलुका तस्करहरूसँग पैसा असुल्दै सामान नेपाल ल्याउन दिने क्रमलाई बढाएका छन् ।

ड्युटी भन्दा पनि कसरी बढि भन्दा बढि पैसा असुल्न सकिन्छ भन्नेतर्फ सशस्त्र प्रहरी अघि बढेको देखिन्छ । साइकलमा गर्ने तस्करी होस् अथवा पोके तस्करी होस् हातमा १ सय रूपैया बेरेर दिए कुनैपनि सामान ल्याउन सकिन्छ । केही बेरसम्म त्यस ठाउँमा गरिएको स्थलगत रिपोर्टिङ्ग अनुसार सशस्त्र प्रहरीका जवानहरूले कुना कप्चामा तस्करहरूलाई ल्याए पैसा बुझ्ने गरिएको देखिएको छ । सामान सिमा नाकामै राख्ने र पैदल आएर भन्सार कार्यालयका पछाडि अर्थात त्यही कुना कप्चामा सशस्त्र प्रहरीलाई लगेर पैसा दिई सामान ल्याउने क्रम बढ्दो छ । यो त उदाहारण मात्रै हो, दैनिक यस्ता हजारौं तस्करहरू राजस्व नियन्त्रण गर्न खटिएका सशस्त्र प्रहरीलाई घुस दिई राजस्व छल्ने गरेका छन् । यि त साना तिना तस्करहरू हुन् ठूला तस्करसँग भने पैसा असुल्न छुट्टै घुमुवा सशस्त्र प्रहरी परिचालन गरिएको छ ।

वीरगन्जमा रहेको व्यवसायीहरूको सामान वीरगन्ज ल्याउनका लागि ति सशस्त्र प्रहरीका घुमुवाले सेटिङ्ग मिलाउने र रातारात ट्रकका ट्रक भन्सार छलिको सामान वीरगन्ज भित्रिने गरेको छ । दिनहुँ भारतबाट करोडौं, अर्बौको माल सामान नेपाल भित्रिने गरेको छ, त्यो सामानहरूमध्ये २५ प्रतिशत सामानको मात्रै भन्सार बुझाउने गरिएको छ भने ७५ प्रतिशत सामान भन्सार छलि गरि अवैध तरिकाबाट सशस्त्र प्रहरीको सहयोगमा नेपाल भित्र्याउने कार्य गरिएको छ । राजस्व नियन्त्रण गर्न भनेर खटाइएको सशस्त्र प्रहरीको सहयोगले नै दैनिक लाखौ करोडौंको राजस्व छलि भइरहेको छ । वीरगन्ज भन्सारको मुख्य सडक भन्दा पनि पूर्व र पश्चिमतर्फ रहेको बाटो हुँदै विहान र बेलुका तस्करहरूको लाम नै लाग्ने गरेको छ ।

पोके तस्कर तथा साइकलमा सामान ल्याउने तस्करहरूले विहान र बेलुका त्यहाँ खटिएका सशस्त्र प्रहरीलाई पैसा बुझाउँदै आफ्नो सामान सुरक्षितका साथ नेपाल ल्याउने गरेका छन् । जसले पैसा दियो त्यसले के सामान ल्याई रहेको छ भनेर चेकजाँच पनि हुँदैन, जसले दिएन त्यो सानोतिनो पनि कुनै सामान ल्याई रहेको छ भने चेकजाँच गरिन्छ अर्थात नियन्त्रणमा लिएर भन्सार बुझाइन्छ भन्ने उदाहारण पनि देखिएको छ । सशस्त्र प्रहरीलाई घुस नदिएपछि आफ्नो प्रयोगका लागि ल्याइँदै गरेको पुरानो ल्यापटप नियन्त्रणमा लिई वीरगन्ज भन्सार कार्यालयमा बुझाएको छ ।




# वैश्य युवा संघले नेतृत्व विकास तालिम सञ्चालन गर्ने

काठमाडौं । नेपाल वैश्य युवा संघले तीन दिवसीय नेतृत्व विकास तालीम संचालन गर्न लागेको छ । असार ७,८ र ९ गते काठमाडौं अनामनगरस्थित तमू बौद्ध सेवा समितिको सभाहलमा नेतृत्व विकास तालिम सञ्चालन गर्न लागेको हो । वैश्य युवा संघले त्यसका लागि ९ सदस्यीय तयारी समितिसमेत गठन गरेको छ । सल्लाहकार महेन्द्र चौधरीको संयोजकत्वमा, सल्लाहकारहरू डा.सबरी साह र हरि नारायण साह सदस्य रहेका छन् । यसैगरी, सुनिता रौनियार, गम्भीर साह, हंसा साह, मनोज साह, गिता साह र योग नारायण साह तयारी समितिका सदस्य रहेका छन् ।





## क्यान्सर

शरीरमा अनियन्त्रित रूपमा कोषहरूको असमान्य बृद्धि हुनुलाई क्यान्सर भनिन्छ । यो सरूवा रोग होइन ।

**क्यान्सर रोग चेतावनीका चिन्हहरू :**

- स्तनमा गिर्खा आउनु/गाँठागुँठी आउनु ।
- मुसा, कोठीमा परिवर्तन आउनु ।
- पाचनकृया र दिशा गर्ने बानीमा बारम्बार परिवर्तन आउनु ।
- लामो समयसम्म खोकी लाग्नु र स्वर परिवर्तन हुनु ।
- महिनाबारीमा धेरै रगत बग्ने अथवा अनियमित रगत बग्ने ।
- अन्य शरीरको भागबाट अनियमित रगत बग्ने ।
- कुनै घाउ वा सुजन निको नहुने ।
- शरीरका कुनै पनि अंगको कोषमा अनियन्त्रित बृद्धि हुन गई क्यान्सर हुन सक्दछ ।

तसर्थ क्यान्सर रोग लागेको शंका लागेमा तुरून्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखी उपचार बारे आवश्यक जानकारी लिनु पर्दछ ।

स्वास्थ्य कार्यालय,
काठमाडौं, टेकू


स्थानीय सम्वाद

# प्रदेश सरकारका कुनै पनि कार्यक्रम आएको छैन



## सन्तोष कुमार मेहता

### मेयर, ईशनाथ नगरपालिका, रौतहट

**नगरपालिकाको संक्षिप्त परिचय**

**स्थापना** : २०७३
**जम्मा वडा** : ९
**क्षेत्रफल** : ३५.१७ (वर्ग कि.मी.)
**जनसंख्या** : ४१,४३५
**हवापानी** : उष्ण प्रदेशीय
**समावेश गाविसहरू** : बन्जरहा, डुमरीया परोहा, औरैया, मठिया, जटहारा र जोकाहा गा.वि.स.
**नगरपालिकाको नामाकरण : यस नगरपालिकाको नामाकारण वडा नंबर ३ औरैया स्तिथ रहेको प्रशिद्ध ईशनाथ मठको नामबाट ईशनाथ नगरपालिका नामकरण भएको देखिन्छ ।**

**० नगरप्रमुखको रुपमा निर्वाचित भए पछि जनताले अनुभूति गर्ने के-कस्ता कामहरु गर्नुभएको छ ?**

– हामीले हरेक क्षेत्रमा काम गरेका छौं, गरिरहेका छौं । २० वर्षदेखि जनप्रतिनिधिविहीनताको अवस्था थियो त्यसैले जनताको आकांक्षा धेरै छन् । हामी निर्वाचित भएर आएदेखि जनताको आकाक्षां अझ बढेको छ र सोहीअनुसार काम गरिरहेका छौं । हामीले शिक्षा, स्वास्थ्य, पूर्वाधार निर्माण, सरसफाई र खानेपानीमा विशेष ध्यान दिएका छौं । हाम्रो काम गराईबाट जनताले स्थानीय सरकारको अनुभूति गरेका छन् ।

**० जनताले महसुस गर्ने खालका के कस्ता कामहरु भएको छ त ?**

– सबभन्दा पहिलो कुरा शिक्षामा रौतहट जिल्ला नेपालकै सबभन्दा कमजोर थियो । नगरपालिकाको शैक्षिकस्तर सुधार्नका लागि विभिन्न किसिमका कामहरू गरेका छौं । विद्यालयहरूमा फर्निचर, भौतिक पूर्वाधार निर्माणमा जोड दियौं । भर्खरै हामीले छात्राहरूलाई साइकल पनि वितरण गरेका छौं । त्यसैले, हाम्रो बढी जोड शिक्षामा नै छ । पहिला विद्यालयमा शिक्षकहरूले राम्रोसँग समय दिइरहेका थिएनन् । हामी अहिले हरेक विद्यालयमा डिजिटल हाजिरीको व्यवस्था गरेका छौं । हामीले विद्यालयमा कस्तो पढाइ भइरहेको छ भन्ने कुराको निरन्तर निगरानी गरिरहेका छौं । यसैगरी, स्वास्थ्य क्षेत्रमा पनि हामीले ३० लाखको औषधि किनेर निःशुल्क वितरण गरेका थियौं । ठाउँ-ठाउँमा स्वास्थ्य शिविर सञ्चालन गरी स्वास्थ्य चेकजाँच लगायतका काम गरेका छौं ।

**० ईशनाथ नगरपालिकाको मुख्य आय स्रोत के हो ?**

– यहाँको जनजीवन कृषिमा नै आधारित छ । कृषकहरूका लागि हामीले विभिन्न व्यवस्थाहरू ल्याएका छौं । सिंचाइका लागि बोरिङको व्यवस्था गरेका छौं । कृषकहरूलाई बीउ, खाद्य र कीटनाशक औषधि वितरण गरेका छौं । विगतका आर्थिक वर्षको बजेटमा हामीले कृषिमा बढी बजेट दिन सकेनौं तर आगामी आर्थिक वर्षदेखि कृषिमा बढी बजेट दिन्छौं । असार १० गते हामीले नगर परिषद् गर्दैछौं, त्यो नगर परिषद्बाट कृषिलाई बढी प्राथमिकता दिन्छौं ।

**० यो आर्थिक वर्ष सम्पन्न हुन लागेको छ, कति बजेट खर्च भयो ?**

– यस आर्थिक वर्षको ७५ प्रतिशत बजेट हामीले खर्च गरिसकेका छौं र २५ प्रतिशत खर्च गर्न बाँकी छ । बाँकी रहेका २५ प्रतिशत बजेट हामीले असार २० गते पहिला नै खर्च गरिसक्छौं ।

**० स्थानीय निर्वाचनपश्चात् सिंहदरबार गाउँ-गाउँमा आएको छ ?**

– सिंहदरबार गाउँ-गाउँमा जनताले महसुस गरेका छन् । जनताले जुन किसिमका अपेक्षा गरेका थिए त्यो अनुसारको नभए पनि अहिले सेवा सुविधाहरू गाउँमै पाउन सकेका छन् । लामो समयपछि जनप्रतिनिधि आउँदा जनताका धेरै आवश्यक्ता र आकांक्षाहरू छन् । ती सबै विस्तारै हामी पूरा गर्दैछौं ।

**० प्रतिपक्षीहरुको भूमिका कस्तो छ ?**

– प्रतिपक्षीहरूले हामीलाई सहयोग गरिरहेका छैनन् । हामीले काम गर्न खोज्दा उनीहरूले विभिन्न किसिमका बाधा अवरोधहरू खडा गर्न खोज्छन्, तैपनि हामी काम गरिरहेका छौं । अवरोधका बाबजुद पनि हामी काम गरिरहेका छौं यो हाम्रो लागि चुनौती र अवसर दुवै हो ।

**० प्रदेश सरकारको बेटी बचाउ बेटी पढाउ र छोरी बीमा कार्यक्रम लागू भएको छ ?**

– प्रदेश सरकारले सञ्चालन गरेको बेटी बचाउ बेटी पढाउ र छोरी बीमा कार्यक्रम यहाँ अहिलेसम्म लागू भएको छैन । प्रदेश सरकारले दाबी गर्छ कि प्रदेश २ को हरेक स्थानीय तहमा यो कार्यक्रम लागू भएको छ तर हाम्रो नगरपालिकामा पटक्कै भएको छैन । प्रदेश सरकारको यो दाबी झुटो हो । प्रदेश सरकारका कुनै पनि कार्यक्रम ईशनाथ नगरपालिकामा आएको छैन । प्रदेश सरकारको त्यो कार्यक्रम नारामा नै सीमित छ ।

**० संघीय सरकारको तराई मधेश समृद्धि कार्यक्रममार्फत् कति बजेट पाउनुभएको छ ?**

– तराई मधेश समृद्धि कार्यक्रममार्फत् यहाँको एउटा विद्यालयमा ४० लाख रूपैयाँ आएको छ । त्यो विद्यालयको भौतिक संरचना निर्माण भइरहेको छ । त्यसको ५० प्रतिशत काम सम्पन्न भइसकेको छ । अन्य नगरपालिकाहरूमा तीन करोडसम्मको बजेट आएको छ तर हाम्रोमा ४० लाख मात्र आयो । दुई/तीन करोड रूपैयाँ ल्याउने र नगरपालिकामा भौतिक पूर्वाधार निर्माण गर्ने हाम्रो प्रयास छ ।

**० आगामी आर्थिक वर्षको बजेटमा के-के प्राथमिकतामा पर्छ ?**

–आगामी आर्थिक वर्षमा नगरपालिकालाई धुवाँरहित बनाउने कार्यक्रम हामीले बनाउँदैछौं । विपन्न घरपरिवारलाई निःशुल्क गैस सिलिन्डर, चुल्हा वितरण गर्ने हाम्रो योजना छ । अपाङलाई ह्वीलचेयर वितरण गर्ने लगायतका योजनाहरू छन् ।

## विश्व परिवेश

# यसकारण डलरसँग पाकिस्तानी रूपैयाँ कमजोर

पाकिस्तानी रूपैयाँको मूल्य घटेको छ र डलर निकै महंगो भएको छ। यो खबर चारैतिर छ। तर यसका अर्थ के हो ? यसको महशुस तपाईलाइ त्यस समयमा हुन्छ, जब इन्धन लिन पेट्रोल पम्पमा जानुहुन्छ वा कुनै सामान किन्न पसल पुग्नुहुन्छ।

सामान्यतया : इन्धन र खाना यस्तो आवश्यक वस्तु हो र जसको मुल्य जतिसुकै बढोस् बजारमा त्यसको माग कहिले पनि घट्दैन। जब कि पेट्रोल वा खाद्य वस्तु महंगो भयो भने तपाईले बुझ्नुपर्दछ। डलरको तुलनामा रूपैयाँ कमजोर भएको छ भनेर। तर डलर नै किन?

खासमा, कुनै पनि देशको विदेशी मुद्रा भण्डार सुन वा डलरको रूपमा हुने गरेको छ। अन्तराष्ट्रिय बजारमा करिब ६२ प्रतिशत खरिद बिक्रि यहि मुद्रामा हुन्छ। यहि कारण हो कि प्रत्येक देशसँग डलरका पर्याप्त भण्डारण हुनु पर्दछ। जसको माध्यमबाट तपाई ऋण चुक्ता गर्न र आयात गर्न सक्नुहुन्छ।

आयात, अन्य देशसँगको द्विपक्षीय व्यापार, विदेश लगानी आदिबाट हुने कमाइबाट यसमा सन्तुलन बनाएर राख्ने गरिन्छ। जब कि कुनै कारणले सन्तुलनमा बिग्रियो भने डलरमा भण्डारबाट कम हुन थाल्छ र यो गिरावटलाई कम गर्नका लागि स्थानीय मुद्राको अवमुल्यन गरिन्छ। प्रत्येक क्रियाको विपरीत प्रतिक्रिया हुन्छ , डलरको कमि र स्थानीय मुद्राको अवमुल्यनले मुद्रास्फीति हुन्छ। अर्थात महंगी बढ्छ।

डलर र रूपैयाँको सम्बन्ध

तर आमधारणा के छ भने पाकिस्तानमा डलरका मुल्यमा वृद्धि भएको छ र खुला बजारमा यसका कमिका कारण भने भर्खरै अन्तराष्ट्रिय मुद्रा कोष (आईएमएफ)ले दिएको ऋणसँग जोडिएको छ।

जब कि केही विशेषज्ञ आईएमएफको अतिरिक्त डलरका तुलनामा रूपैयाँको अवमुल्यन र डलरको माग तथा मुल्यमा भएको वृद्धिको अन्य कैयौ कारण रहेका छन्। यस्तो अवस्थामा आउनुको पछि के (के कारण छ भनेर बताउनेछौ तर त्यसअघि डलर र रूपैयाँ सम्बन्धमा के भइरहेको छ भन्ने पहिले बताउनेछौ।

डलरको मुल्य कसरी तय हुन्छ ?

कुनैपनि मुद्राको मुल्य त्यसको माग र आपूर्त्तिमा निर्भर हुन्छ। कुनैपनि मुद्राको कम आपूर्त्ति र त्यसको माग बढी हुँदा त्यसका मुल्य बढ्छ। पाकिस्तानमा पनि अहिले त्यहि भएको हो डलरको मूल्य निर्धारणका तीन तरिका रहेका छन्। पहिलो विदेशी मुद्रा कति डलरमा खरिद गरिन्छ। यसलाई एक्सचेन्ज रेट वा विनिमय दर भनिन्छ।

विदेशी मुद्रा बजारमा फरेक्स ट्रेडर्सले मुद्राको दर निर्धारण गर्दछ। माग र आपुर्तिलाई ध्यान दिएर यसको दर तय हुन्छ। यहि कारणले तपाईले पूरै दिन डलर र रूपैयाँको मुल्यमा उतार चढाब भएको देख्न सक्नुहुन्छ।

दोस्रो तरिकामा ट्रेजरी बण्डका मुल्य राखिएको हुन्छ। जसलाई तपाई सहजरूमा डलरमा परिर्वतन गर्न सक्नुहुन्छ। जब ट्रेजरी बण्डको माग बढ्छ डलरको मुल्यपनि स्वत बढ्छ।

तेस्रो तरिका हो विदेशी मुद्राको भण्डारका माध्यमबाट मूल्य निर्धारण गर्नु। यसको अर्थ हो सरकारसँग कुल कति डलर छ। यदि खजानामा डलर कम भयो भने त्यसको आपुर्ति पनि कम हुन जान्छ। यसले अमेरिकी डलरको मुल्य बढ्छ। आर्थिक विशेषज्ञ तथा एसडीपीआइ( सस्टेनेबल डेभ्लपमेन्ट पोलिसी इन्स्टिच्युट) ....प्रमुख आबिद सुलेहरीले डलरको मुल्यवृद्धिको एउटा कारण आईएमएफले अघि सारेका शर्तहरू पुरा गर्न स्टेट बैंक अफ पाकिस्तान ले पुरा गरेको हुनसक्ने बताए। 'आइएमएफले निर्धारण गरेको शर्त पूरा गर्नका लागि आफ्नो विदेशी मुद्राको भण्डार बढाउनको एसपीबीले खुलाबजारबाट डलर किनेको छ। जसको कारण खुला बजारमा यसको माग बढेकाले यस्तोहुन सक्छ', उनले भने। उनले दोस्रो करण 'अनुमानित खरिद हुन सक्ने बताए। अहिले पाकिस्तानमा आईएमएफसँग भएको सम्झौताको कारण आगामि दिनमा रूपैयाँको मुल्य अझै घट्छ भन्ने अफवाहा रहेको छ। कुन कुन सर्तमा पाकिस्तानले आईएमएफसँग ऋण लिएको स्पस्ट भईसकेको छैन।

यहि कारणले डलरका खरिदकर्ता आगामि दिनमा रूपैयाँको मुल्यमा थप कमि आउने वा यहि स्थिर हुन्छ भन्ने अन्योलमा रहेको छ। यहि डलरबाट उनिहरूले धैरै भन्दा धैरै डलर किनेका छन्। यसबाट डलरको अभाव भएको छ र मुल्य बढाएको छ।

मनी चेन्जरको भुमिका ?

'पाकिस्तानमा कहिले कहाँ ठुला मनी चेन्जरले डलरको कृत्रिम अभाव गरिदन्छन्। यसको आपूर्ति कम हुन्छ। त्यसै अनुसार माग बढ्छ र डलर महँगो हुन्छ,। परिणामत: यसको तुलनामा रूपैयाँ कमजोर हुन्छ, उनले भने , मलाइ के लाग्छ भने अहिले डलरको मुल्य बढ्नुको पछि यस्तै अफवाहहरूले ठूलो भुमिका खेलेको छ।

विदेशी मुद्रा र यस प्रकारको कृत्रिम अभावलाइ आम रूपमा मुद्रा संकलन गरिन्छ वा अब रूपैयाँको धैरै अवमुल्यन हुन्छ भनेर अफवाह फैलाइन्छ। यसपछि अत्याधिक डलर किन्ने कोशिस हुन्छ। माग र आपूतिको यो परिर्वतनबाट डलरको मुल्य बढ्छ र रूपैयाँको अवमुल्यन सुरू हुन्छ। तर आविद सुलेहरीको भनाइप्रति एक्सचेन्ज कमिसन एसोसिएनका महासचिव जफर पराचा पूर्णरूपमा असन्तुष्ट छन्। उनी सरकारी नीतिहरूको असफलतालाई लुकाउनका लागि मनी एक्सचेन्ज माथि लगाएको निराधार आरोप भएको बताउँछन्। 'यो सरकारको असफलता हो , यो पूरै प्रक्रियामा स्टेट बैंक अफ पाकिस्तान र आईएफएफ यसरी सहभागी भएका छन्। ' उनिहरू ग्रे मार्केट' तर्फ मोडिएका छन् , उनले भने।

'ग्रे' वा 'ब्याक' मार्केट के हो ?

'पाकिस्तानमा ग्रे वा ब्ल्याक मार्केटका आधार डलर खरिद र बिक्री वैध बजार ठूलो छ। जफर परचाले भने। उनी यसका लागि सरकारी नीतिलाई जिम्मेवार मान्दछन्। ' सरकार आफै हुन्डी र हवाला वित्तिय हस्तान्तरण प्रणालीलाई बढाउन कोशिस गरिरहेजस्तो लाग्छ। क्रेताहरू हामीबाट टाठा भएका छन्। जब उनीहरूलाई अनावश्यक रूपमा सोधपुछ गरिन्छ, उनीहरू हामी भएको स्थानमा किन आउछन् ? उनले भने जब यसको खरिद बिक्रि हाम्रो माध्यमबाट हुदैन भनेर विदेशी मुद्रा भण्डार प्रभावित भइहाल्छ।' पाकिस्तानको केन्द्रीय बैंकमा एक कर्मचारीले पाकिस्तानमा डलर माफिया धैरै शक्तिशाली भएको बताए। उनीहरू डलरको अभाव वा कृत्रिम अभाव वनाउन कोशिस गर्ने गर्छन किनभने रूपैंयाँ अवमूल्यन होस् र क्रेताले महंगो मूल्यमा खरिद गरोस् भन्ने चाहना उनले बताए।

पाकिस्तान कसरी प्रभावित भएको छ ?

निश्चित रूपमा यसबाट आम मानिस प्रभावित हुने गरेका छन्। आर्थिक मामिलाका विशेषज्ञ रिजवाना रज्जाक डलरका तुलनामा रूपैयाँका अवमुल्यनको असर एउटा मात्रै तहमा नभएर सबै वर्गमा मानिसमा पर्ने बताउछन्।

' सबैभन्दा बढी प्रभावित हुनेमा आयातकर्ता हुन्। पाकिस्तानमा निर्यातको तुलनामा आयात धैरै रहेको छ। डलरका मुल्यवृद्धिको कारणले आयतको लागत थप बढ्छ। आयात धैरै महंगो हुन्छ डलर किन्नुपर्ने हुन्छ र ग्राहकसँग वस्तु पुग्दा धैरै महंगो भइसकेको हुन्छ, उनले भने 'यहाँसम्म कि यसरी बढ्ने मूल्यका कारण स्थानीय उत्पादनका मूल्य पनि बढ्न जान्छ। कहिले कच्चा पदार्थको नाममा त कहिले बढ्दो मूल्य वहावको कारणले हुन्छ। यहि कारण नै डलर जति महंगो हुन्छ। पाकिस्तानका लागि समस्या त्यत्ति नै धैरै बढ्छ। 'अर्कोतर्फ आबिद सुलेहरी भने , यदि यो अफहवा वा कृत्रिम कारणले बढेको हो भने केहि दिनमा सबै कुरा ठिक हुँदै जानेछ। तर डलरको मूल्य लामो समय रह्यो भने यसले भयंकर परिणाम ल्याउनेछ। उनले डलरका मुल्य वृद्धिबाट तुरून्तै प्रभावित हुनेमा उच्च मध्यम वर्ग भएको बताए।

'यसको अर्थ के हो भने यो वर्ग आयातित वस्तुका उपयोग गर्छन्। त्यसको आयात लागत बढ्छ, त्यसैले मूल्यविद्धि हुन्छ। यो सबैले पेट्रोलियम उत्पादनको आयात पनि प्रभावित गर्न सक्छ उनले भने, यसले उत्पादन महंगो हुन जान्छ।' अब डलर रूपैयाँका उतारचढाब र आइएमएफको ऋणले मुद्रास्फीति वा महँगी के हुन्छ भनेर हेर्न बाँकी नै छ। आर्थिक दैनिक, जेठ ६ गते सोमबार।




## नेपाल संघीय समाजवादीद्वारा भर्त्सना

काठमाडौं। पूर्वगृह राज्यमन्त्री मो.रिजवान अन्सारी नेतृत्वको नेपाल संघीय समाजवादी पार्टीले सरकार अधिनायकवाद तर्फ उन्मुख रहेको आरोप लगाउँदै भर्त्सना गरेको छ। अध्यक्ष अन्सारीले मंगलबार एक विज्ञप्ति जारी गर्दै सरकारले दुई तिहाईको दम्भ देखाउँदै राज्यको चौथो अंग मिडियामाथि प्रतिबन्ध र अंकुश लगाउने नियतले संसदमा मिडिया काउन्सिल सम्बन्धी विधेयक ल्याएको आरोप लगाएका छन्। सो विधेयक मिडियामाथिको दमन र सार्वभौम सम्पन्न नागरिकको आवाज उठाउने सशक्त माध्यमलाई नियन्त्रण गर्न खोज्नु अधिनायकवाद तर्फ उन्मुख हुनु रहेको ठहर नेपाल संघीय समाजवादी पार्टीको छ। साथै सरकारले मानव अधिकार आयोगमाथि नियन्त्रण गर्न खोज्नुका साथै नेपाली सेनालाई प्रधानमन्त्रीको मातहतमा राख्न खोज्नु हदैसम्मको सर्वसत्तावादी निरंकुशताको पराकाष्टा रहेको ठहर पार्टीले गरेको छ। अधिनायकवाद उन्मुख सरकारको उक्त कदमको नेपाल संघीय समाजवादी पार्टीले घोर भर्त्सना गर्दै सो कदमलाई तत्काल रोक्नका लागि सरकारसँग माग गरेको छ।

## कौटिल्यको ध्यानाकर्षण पत्र

काठमाडौं। संजय कुमार गुप्ता "कौटिल्य" नेतृत्वको सशस्त्र भूमिगत समूह संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाले प्रधानमन्त्री केपी शर्मा ओलीलाई ध्यानाकर्षण पत्र बुझाएको छ। मोर्चाका वैचारिक संरक्षक कौटिल्यले सोमबार जिल्ला प्रशासन कार्यालय सर्लाहीमार्फत् प्रधानमन्त्री ओलीलाई ध्यानाकर्षणपत्र बुझाएका हुन्। ध्यानाकर्षणपत्रमा उनले आफूहरूसँग नेपाल सरकारको वार्ता टोलीले पटक-पटक वार्ता गरी सहमति गरे पनि अहिलेसम्म सरकारको तर्फबाट सहमति पालना नभएको गुनासो गरेका छन्। उनले सोमप्रसाद पाण्डेको संयोजकत्वमा गठित 'राजनीतिक वार्ता टोली-२०७५'ले समेत वार्ता गरी सहमति गरेको र सो टोलीले प्रतिवेदन बुझाएको महिनौं बितिसक्दासमेत सहमति कार्यान्वयन भएको जनाएका छन्।

सहमति गर्नु तर सरकारले नै त्यसको उल्लंघन गर्नु गैरराजनीति सोच भएको उनले आरोप लगाएका छन्। वार्ता र सहमति पालना गराउन प्रधानमन्त्री ओलीलाई ध्यानाकर्षणपत्र बुझाएका छन्।

## जिल्ला समाचार

### बङ्लादेशी राजदूत र प्रदेश प्रमुखबीच भेटवार्ता

ब्रम्हानन्द ठाकुर, जनकपुरधाम। प्रदेश नं. २ का प्रदेश प्रमुख रत्नेश्वरलाल कायस्थ र नेपालस्थित बङ्लादेशका राजदूत मासफी बिन्ते सामबीच शिष्टाचार भेटवार्ता भएको छ। आइतबार करीब २५ मिनेट भएको सो भेटवार्ताका क्रममा राजदूत सामले दुई देशबीचका समसामयिक विषयमा कुराकानी गरेको निजी सचिवालयले जनाएको छ। सो भेटका क्रममा राजदुत सामले दुई देशबीचको बर्तमान अवस्थामा भइरहेको पर्यटन, व्यापार तथा यसको प्रवर्द्धन र आपसी हितका विषयमा कुराकानी गरेका छन्। साथै भेटका क्रममा राजदूत सामले दुई देशको कृषि तथा सिँचाइको विषयमा कुराकानी गर्दै दुई देशको अन्तर सम्बन्ध तथा समृद्ध बनाउन के गर्न सकिन्छ भन्ने कुरामा छलफल गरेका छन्। कुराकानीकै क्रममा राजदूत सामले बङ्लादेशमा नेपाली सामानहरूलाई त्यहाँ नागरिकहरूले निकै रूचाएको प्रतिक्रिया दिएका थिए।

### कृषकलाई अनुदान

विराटनगर। कृषि क्षेत्रलाई व्यावसायीकरण र आधुनिकीकरण गर्ने उद्देश्य अनुरूप प्रदेश १ सरकारले कृषकलाई विभिन्न शिर्षकमा अनुदान रकम वितरण गरेको छ। समग्र कृषि क्षेत्रको प्रबर्द्धन र बजारीकरणका लागि कृषकहरूलाई २२ करोड ४० लाख रूपैयाँ अनुदान रकम वितरण गरिएको हो। भूमि व्यवस्था तथा कृषि सहकारी मन्त्रालयले पशुपन्छी व्यवसाय प्रबर्द्धन कार्यक्रम, मिल्क एनालाइजेर वितरण कार्यक्रम र पशु स्वास्थ्य कार्यक्रम अन्तर्गत कृषि क्षेत्रमा आवद्ध कृषक, कृषक समूह, सहकारी, व्यवसायी फर्मलाई ७० प्रतिशतसम्म अनुदान रकम दिएको हो। मन्त्रालयले पशुजन्य पदार्थ उत्पादन, बिबिधिकरण र बजारीकरण, बधशाला स्थापना, मासु चिस्यान घर, दूध ढुवानी साधन खरिदलगायतका १४ वटा कार्यक्रमका लागि कृषकहरूलाई अनुदान दिएको हो। मन्त्रालयका सूचना अधिकारी कुमारसिंह खत्रीले मन्त्रालयको वार्षिक कार्यक्रम अन्तर्गत पशुजन्य पदार्थ उत्पादन, बिबिधिकरण र बजारीकरणको प्रवर्द्धनका लागि १० लाखदेखि डेढ करोड रूपैयाँसम्म अनुदान दिएको जानकारी दिए।

### सरसफाइ निजी क्षेत्रलाई दिने सम्झौता

वीरगञ्ज। वीरगञ्ज नगरपालिकाका नगर प्रमुख विजय कुमार सरावगीको उपस्थितीमा एक कार्यक्रमका बीच वीरगञ्जको सरसफाइको जिम्मेवारी निजी क्षेत्रलाई दिइएको छ। सार्वजनिक निजी तथा साझेदार (पीपीपी)मोडेलमा साउन १ गते देखि लागु हुने गरि महानगरपालिकाले सरसफाईको जिम्मेवारी निजी क्षेत्रलाई दिएको हो। थ्रिपी मोडेलअनुसार सरसफाईको जिम्मेवारी पृथ्वीतारा एवम् एनके इन्टरनेशनल जेभिले लिएको हो, दुवै पक्षबीच भएको सम्झौतामा महानगरपालिकाको तर्फबाट प्रमुख प्रशासकीय अधिकृत उमेश बस्नेत र ठेकेदार कम्पनीको तर्फबाट प्रबन्धनिर्देशक केशव नेपालले हस्ताक्षर गरेका थिए। सरसफाईसँग सम्बन्धित चेताना मुलक कार्यहरू असारदेखि उक्त कम्पनीले सुरू गरे पनि आउने साउन १ गते देखि महानगरपालिकाले सरसफाई गर्ने सम्झौतामा उल्लेख गरिएको छ।

### सवल बनाउन सहयोग

बाँके। विपन्न परिवारलाइ आर्थिक रूपले सवल बनाउन बाख्रा र कुखुराको चल्ला वितरण गरिएको छ। बाँकेको सबैभन्दा दुर्गम र पिछडिएको राप्ती सोनारी गाँपालिकाको वडा नम्बर ७ का विपन्न २० परिवारलाई आयआर्जनका लागि साढे नौ लाख रूपैयाँको बाख्रा र कुखुरा चल्ला वितरण गरिएको हो। कतार च्यारिटीको आर्थिक सहयोगमा बाँके युनेस्को क्लबले सञ्चालन गरेको जिविको पार्जनका लागि साना किसान सहायता परियोजना अर्न्तगत कुखुरापालन र बाख्रापालनका लागि सो सहयोग प्रदान गरिएको हो। १२ विपन्न परिवारलाई कुखुरापालन सहायताअर्न्तगत प्रतिपरिवार सय वटा कुखुराका चल्ला, खोर निमार्णका लागि पाँचथान जस्तापाता, एक कण्डल जाली र पानी खानका लागि दुई ड्रम र पाँच बोरा दाना वितरण गरियो भने ८ परिवारलाई बाख्रा पालनका लागि ५ वटा बाख्रा र दुईथान जस्ता पाता वितरण गरिएको छ। कुखुरा पालन प्रति परिवार ४० हजार र बाख्रा पालनका लागि प्रतिपरिवार ५५ हजार रूपैयाँ बराबरको कुखुराका चल्ला, बाख्रा , जस्तापाता र दानाको सहयोग प्रदान गरिएको हो।

### रोजगारी आवश्यक

धनगढी। सुदुरपश्चिम प्रदेशका भूमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्री विनिता चौधरीले मुक्त कमैया र हलियालाई जग्गा दिएर समस्या समाधान नहुने बताएकी छिन्। धनगढीमामा आयोजित कार्यक्रममा सुदुरपश्चिम सरकारको आगामी नीति तथा कार्यक्रममा मुक्त: कमैया, हलिया र कमलरीको समस्या सम्बोधन विषयक कार्यक्रममा यस्तो बताएकी हुन्। दिर्घकालिन रूपमा समस्या समाधानका लागि रोजगारीको व्यवस्था गर्न आवश्यक रहेको उल्लेख गरे। कानुनी जटिलताका कारण अहिलेसम्म यी वर्गको पुन: स्थापना हुन नसकेको स्वीकार गर्दै मन्त्रीले नीति बनाएर पदेश सरकारले समस्या समाधान गर्ने बताईन्।

### छुट्टाछुट्टै दुर्घटनामा तीनको मृत्यु

कैलार्ला। कैलालीमा छुट्टाछुट्टै तीन स्थानमा भएको सवारी दुर्घटनामा तीन जनाको मृत्यु भएको छ। भजनी नगरपालिका ३ कुसुमघाटस्थित सडकमा से.१ ह २७३७ नम्बरको अटोरिक्शा पल्टिएर दुर्घटना हुँदा गम्भीर घाइते भएका अटोरिक्शामा सवार बर्दिया गुलरीया नगरपालिका ४ बस्ने ५१ वर्षीय गिदवा थारूको मेडिकल कलेज कोहलपुर बाँकेमा उपचारको क्रममा मृत्यु भएको छ। दुर्घटनामा घाइते भएका आटो चालक समेत ४ जनामध्ये २ जनाको सोही अस्पतालमा उपचार भइरहेको छ भने १ जना उपचार पश्चात डिस्चार्ज भएका छन्। अटोरिक्सा चालकलाई उपचार पश्चात प्रहरीले नियन्त्रणमा लिएको छ। यस्तै, टिकापुर नगरपालिका ७ स्थित सडकमा बा.१६ च ४७१० नम्बरको कार र यूपी ३१ स ५१७० नम्बरको मोटरसाइकल एकआपसमा ठोक्किएर दुर्घटना हुँदा गम्भीर घाइते भएका मोटरसाइकल चालक सोही नगरपालिका ८ बटनपुर बस्ने २६ वर्षीय कमल साउदको टिकापुर अस्पतालमा उपचारको क्रममा मृत्यु भएको छ। कार चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ। यसैगरी, जानकी गाउँपालिका ४ बेलापुरस्थित सडकमा से.२ प ४२४६ नम्बरको मोटरसाइकल आफै अनियन्त्रित भई दुर्घटना हुँदा मोटरसाइकलमा सवार सोही ठाउँ बस्ने ३२ वर्षीय रामनारायण चौधरीको घटनास्थलमै मृत्यु भएको छ। दुर्घटनामा घाइते भएका मोटरसाइकल चालक सोही ठाउँ बस्ने कृष्ण बमको टिकापुर अस्पताल हुँदै थप उपचारको लागि मेडिकल कलेज कोहलपुर बाँके पठाइएको छ।

### महादेव मन्दिरमा दलित सहभागिता

महोत्तरी। विभिन्न मठ मन्दिरमा दलित समुदायको प्रवेशकै लागि संघर्ष भइरहँदा जलेश्वर महादेव मन्दिरको विभिन्न कार्यहरूमा सोही समुदायको समावेशिता तथा सहभागिता देखिन्छ। राजकिशोर राम, राजेश कुमार राम, शिव कुमार रामसहितका दलित युवाहरू मन्दिर परिसरभित्र हुने विभिन्न धार्मिक तथा सांस्कृतिक कार्यक्रममा अग्रता देखाउने गरेका छन्। यी युवाहरू आफ्नो चमार समूदायको टोलमा मात्र नभई मन्दिर क्षेत्रभित्र निर्माण हुने विभिन्न संरचनाको उपभोक्ता समितिमा समेत समय दिने गरेका छन्। भिजिट जलेश्वर, सेभ जलेश्वर तथा शिवगंगा आरती समूहले समय समयमा आयोजना गर्ने सांस्कृतिक संरक्षण,कार्यक्रम, सरसफाई तथा प्रचारप्रसारको कार्यमा राजेश कुमार रामको उल्लेखनिय सहभागिता हुने गरेको सेभ जलेश्वरका संस्थापक सदस्य मनोज साहले बताए। गतबर्ष कार्यसम्मपन्न भएको सतीमाई मन्दिर निर्माण समितिमा राजकिशोर राम सचिव थिए। यसबर्ष जलेश्वर महादेव मन्दिरदेखि पूर्वको पुरन्धोई पोखरी किनारको घेराबेराको निर्माणका लागि राजकिशोर राम कोषाध्यक्ष चयन भएका थिए। तर राजनीतिकरण भएपछि हटाइएको उनको आरोप छ।

### 'प्रसूति महिलालाई प्रोत्साहन भत्ता दिइने'

रौतहट। ईशनाथ नगरपालिकाले वर्थिंग सेन्टरमा प्रसूति गराएमा थप ५ सय नगद प्रोत्साहन भत्ता दिने भएको छ। जिल्ला अस्पताल गौरमा आत्मा सुरक्षा कार्यक्रम अन्तर्गत गर्वभती महिलालाई दिइने यातायात सुविधा रकमको अभावले बन्द हुने अवस्थामा पुगेको बेला ईशनाथ नगरपालिकाका मेयर संतोष मेहताले यस्तो घोषणा गरेर उत्क्रिस्ट कार्य गरेको छ। स्थानीय वडा नम्बर ९ परोहा डुमरियामा सञ्चालनमा रहेको वर्थिंग सेंटरमा प्रसूति गराउन आउने महिलालाई नेपाल सरकारको नियमित कार्यक्रम अन्तर्गत पाउने प्रोत्साहन भत्ता बाहेक थप ५ सय नगद दिइने बताएका छन्।

### मोटरसाइकल दुर्घटनामा युवकको मृत्यु

धनगढी। जानकी गाउँपालिका ७ बेलासपुरमा से २ प ४२४६ नम्बरको मोटरसाइकल शनिबार दुर्घटना हुँदा स्थानीय ३२ वर्षीय रामनारायण चौधरीको मुत्यु भएको छ। टीकापुरबाट जाँदै गर्दा दुर्घटना भएको प्रहरीले जनाएको छ। मोटरसाइकल चालक २३ वर्षीय कृष्ण बम गम्भीर घाइते रहेको प्रहरीले जनाएको छ। घाइते बमको टिकापुर अस्पतालमा सामान्य उपचारपछि थप उपचारका लागि नेपालगञ्ज रेफर गरिएको छ।


वीरगन्जमा ४०/४२ डिग्री तापक्रमका बावजुद बिहानीको कक्षा सरकारी वा निजी विद्यालयहरूमा भईरहेको छैन, अभिभावक, प्रशासन वा मिडिया कसैले पनि बोल्दैन किन ? विद्यार्थीहरूले कमजोर पूर्वाधारका कारण आफुहरू विद्यालयमा गर्म तावामा बसेको जस्तो भएको सुनाए । **चन्द्रकिशोर**


सांसदलाई हचुवा योजना र कनिका जस्तो बजेट बाँड्ने कुरा सर्वथा गलत हो । यो विषयमा विद्वान अर्थमन्त्रीले न्याय गर्नुहुनेछ भन्ने आशा छ । केही गरी उहाँले यसमा अडान लिन सक्नुभएन भने सबै दल भित्रका आशलाग्दा भनिएका सांसदहरूले आफुलाई दिइने भनेको बजेट बहिष्कार गरून् । **सुर्यराज आचार्य**


लोकतन्त्र राज्य र संस्थाहरूको सम्मिश्रण हो । तिनै संस्थाले स्थायित्व एवं राज्यलाई दिगो बनाउने काम गर्छन् यो स्थापित मान्यता हो । अत: राज्यका संस्थाहरूको बलियो उपस्थितीले नागरिक सर्वोच्चता कायम गर्छ यसले देश बलियो हुन्छन् साथै भविष्यमा कुनैपनि चुनौतीको सामना गर्न तीनै संस्थाहरू अगाडी सर्छन् । **मोहना अन्सारी**


सरकारको जागिरे नै भए नि बेथिति-बिसंगति बिरूद्ध आवाज उठाउन पाउनु उसको नैसर्गिक अधिकार हो । यो नागरिकको परम कर्तव्य पनि हो । बहादुर सरकारको काम त आफ्नो देशको रक्षा गर्नु, बिदेशी हस्तक्षेपबाट आफूलाई जोगाउनु हुन्छ । पुरस्कृत गर्नु पर्ने नागरिकलाई खोजी-खोजी कारबाही गर्नु होइन । **भिमार्जुन आचार्य**


प्रधानमन्त्रीले धादिङ पुगेर प्रदेश र स्थानीय सरकारलाई केन्द्र सरकारका निकाय भन्नुभएछ । संघीयतामा सबैभन्दा माथि संविधान हुन्छ । संविधान अन्तर्गत यी सबै सरकार हुने हुन् । केन्द्रको मातहत अरू सरकार हुने होइन । **बसन्त बस्नेत**


दउरा-सुरूवाल टोपी लगाएर मधेशी आयोगको मुल मर्ममाथी नै प्रहार गर्ने , एउटा समूहलाई मात्र बोलाएर मधेशको बिषयमा छलफल गर्ने अनि कसरी सम्पुर्ण मधेशीले अपनतत्व लिन सक्छ । छलछाम गरेर लिएको एउटा राजनीतिक नियुक्तीमा मात्र सिमित भयो मधेशी आयोग । **संजिव झा**


तराई-मधेशको ग्रामीण भेगमा बाटोघाटो भौतिक पुर्वाधारको विकास गरि यातायातका साधनहरू संचालन हुन जरूरी छ , सानो-सानो उद्योग धन्दाको विकास हुन जरूरी छ ,जीर्ण अवस्थामा रहेका उद्योगधन्दाहरूको पुन: निर्माण प्रक्रिया अगाडि बढ्न जरूरी छ । **सन्तोषी साह**


जनताको चाहाना र मागअनुसार संशोधन गर्दै लैजाने भनेर बनेको संविधान एमाले र माओवादीको पार्टीकै दस्तावेज हो र ? अरू पार्टी र जनताले आफ्नो बिचार राख्न नहुने ? आवाज उठाउन नहुने ? त्यसैले सम्पुर्ण राष्ट्रवादी शक्ति भ्रष्टाचारीहरूको विरूद्ध एकै ठाउँमा उभिन जरूरी छ । **विन्दा गिरी**


पत्रकारलेपनि शिष्टता र संस्कार सिक्न जरूरी छ । पत्रकार हो भन्दैमा कसैको हुर्मत लिन जरूरी छैन । उपेन्द्र यादवलाई प्रश्न सोध्ने पत्रकारको सोमत देखिएन । पत्रकारलाई सबै छुट हुन्न । हामीले सिक्न, बुझ्न र जान्न जरूरी छ । **अनिल गिरी**

## दिल्लीमा बन्ने...

विश्लेषणको विषयवस्तु बनेको छ । भारतमा मोदीको पुनरावृत्तिलाई लिएर पक्ष विपक्षमा जनमत बाँडिएको छ । कतिपयले भारतका जनताले दिएको मतको सम्मान गर्नुपर्ने आशयका अभिव्यक्ति दिएका छन् । विशेष गरेर नेपालमा हिन्दूराष्ट्रको वकालत गर्नेहरूले मोदीको पुनरावृत्तिलाई आशाको रूपमा बुझेका छन् ।

भारतीय प्रधानमन्त्री मोदीले निकै हदसम्म भारतीय निर्वाचन र त्यसको राजनीतिक तथा सामाजिक प्रकृतिलाई 'हिन्दुमय' बनाएका छन् । 'धर्म निरपेक्ष'वादी शक्तिहरूमा देखा परेको एकता र लडाकुपनको अभावले मतदाता समक्ष मोदी र उनको पार्टीलाई विकल्प बिनाको शक्तिका रूपमा प्रस्तुत गरेको छ । भारतमा झण्डै १४ प्रतिशतको हाराहारीमा रहेका मुसलमानहरूमा 'असुरक्षा' को भाव देख्न सकिन्छ । तर उनीहरूले मोदीको विकल्पबारे कुनै सोच बनाएको देखिएन । त्यति मात्रै होइन, निर्वाचनमै आँखा लगाएर मोदी सरकारले मुस्लिम समाजमा व्याप्त 'तीन तलाक' प्रथालाई अवैध घोषणा गर्ने निर्णयले कमजोर र आतंकित मुसलमान महिलाको एउटा ठूलो हिस्साले भारतीय जनता पार्टीलाई समर्थन गर्ने देखिएको छ ।

चुनावी नतिजाका आँकडाले भारतमा फेरि पनि नरेन्द्र मोदीको नेतृत्वमा सरकार बन्ने लगभग पक्का देखिन्छ । भारतमा मोदी सरकारको निरन्तरतासँगै नेपालसँगको सम्बन्धका विषयमा पनि गहिरो अभिरूची प्रकट गर्न थालिएको छ ।

मोदीको नयाँ कार्यकालमा उनले यसअघि गरेकै प्रतिवद्धता कार्यान्वयन गरेमात्र काफी हुनेछ, नयाँ आश्वासन दिनुपर्दैन । विडम्बना के भने नेपालका प्रधानमन्त्रीले भारत भ्रमण गर्दा आश्वासनको भारी बोकाएर पठाउने र कार्यान्वयन नहुने पुरानै रोग छ ।

पहिलो कार्यकालमा ५ पटक नेपाल भ्रमण गरेका मोदीले नेपाल र भारतबीचको सम्बन्धमा व्यापक सुधार आएको छ । मोदीको दोस्रो कार्यकालमा नेपालका 'कट्टर हिन्दूवादी' उत्साही भएपनि भारतकै मात्र चाहनाले नेपालमा कुनै राजनीतिक परिवर्तनको सम्भावना भने रहँदैन ।

पछिल्लो समय नेपालमा चीन र अमेरिकाको प्रभाव बढ्दै गएको छ । त्यसका बारेमा पनि भारतले चासो राख्दै आएको छ । नेपालमा भारत विरोधी ट्रेन्ड चलाएर राजनीति गर्ने परम्परा छ । भारतलाई जति विरोध गर्‍यो त्यति नै राष्ट्रवादी होइन्छ भन्ने मनोविज्ञान छ । नरेन्द्र मोदी प्रधानमन्त्री भएपछि सांस्कृतिक पुनर्जागरण भएको भारतवर्षमा खुशीयाली मनाउने पक्कै हुन्छ र त्यसको असर नेपालमा पनि पर्नेछ ।

# भारतद्वारा शैक्षिक संस्था निर्माण



उदयपुर । सांसद तथा पूर्व शहरी विकासमन्त्री डा. नारायण खड्काले उदयपुर जिल्लाको चौदण्डीगढी नगरपालिकास्थित श्री नारद आदर्श शिक्षा क्याम्पसको उद्घाटन गरेका छन् । उक्त उद्घाटन समारोहमा भारतीय राजदूतावासका नियोग उप-प्रमुख डा. अजय कुमार विशेष अतिथिको रूपमा थिए । सन् १९७१ मा माध्यमिक विद्यालयको रूपमा स्थापना भएको श्री नारद आदर्श शिक्षा क्याम्पस सन् २००३ मा क्याम्पसको रूपमा स्तरोन्नती गरिएको हो । त्रिभुवन विश्वविद्यालयसँग सम्बद्ध यस क्याम्पसमा १३५ विद्यार्थी अध्ययनरत छन् जसमध्ये ७० प्रतिशत छात्रा रहेका छन् । यस क्याम्पसले शिक्षा संकायको चार वर्षे बिएड कार्यक्रम प्रदान गर्दै आएको छ ।

भारत सरकारको नेरू. ३ करोड २ लाख अनुदान सहयोगमा निर्मित दुई तल्ले क्याम्पस भवनमा १२ वटा कक्षा कोठा, पुस्तकालय, सभा कक्ष, छात्र तथा छात्राका लागि छुट्टा-छुट्टै शौचालय र फर्निचरको व्यवस्था रहेको छ । यस नवनिर्मित संरचनाले विद्यार्थीको सिकाई वातावरणलाई अभिवृद्धि गर्ने मात्र नभइ उदयपुर र यस जिल्लासँग जोडिएका भोजपुर, खोटाङ, सुनसरी, सप्तरी लगायतका जिल्लाका ग्रामिण भेगका विद्यार्थीको शिक्षामा पहुँच समेत बढाएको छ ।

## पोखरा र देहरादुनबीच बस सेवा सञ्चालन

काठमाडौं । पृथ्वी राजमार्ग बस सञ्चालक समितिले पोखराबाट भारतको उत्तराखण्डको राजधानी देहरादुनसम्म सिधा बस सेवा सञ्चालन गरेको छ । समितिअन्तर्गतको मोर्डन ईरा टुर्स एण्ड ट्राभल्सले विगत १२ वर्षदेखि पोखराबाट दैनिक भारतको राजधानी नयाँदिल्लीसम्म बस सञ्चालन गर्दै आएकामा देहरादुनसम्म थप सेवा शुरू गरेको हो । सो सेवाको शुभारम्भ गर्दै समितिका अध्यक्ष एनकुमार साईले सिधा बस सेवा सञ्चालनबाट भारतीय पर्यटकलाई नेपाल भ्रमणमा आउन सहज हुने र पोखराको पर्यटन प्रवर्द्धनमा योगदान मिल्ने बताए । पोखराबाट नारायणगढ, बुटवल, महेन्द्रनगर, वनबास, रूद्रपुर, हरिद्वार हुँदै देहरादुनसम्म बस सञ्चालन गरिने छ ।

## नेहाको लाइभ कन्सर्ट हुने

काठमाडौं । बलिउडकी चर्चित गायिका नेहा कक्कड आफ्नो सांगीतिक प्रस्तुतिका लागि पहिलो पटक काठमाण्डौ आउने भएकी छिन् । आउँदो जेठ २५ गते शनिबार आयोजना हुने 'नेहा कक्कड लाइभ' मा नेहाले आफ्ना लोकप्रिय गीत( संगीत प्रस्तुत गर्दैछिन् । परामाउन्ट इन्टरटेन्मेन्टले नेहालाई ठमेलमा रहेको २५ सय दर्शक क्षमताको लर्ड अफ् ड्रिङ्क्स (एलओडी) मा प्रस्तुत गर्न लागेको हो ।

## यादवलाई ललितकला पुरस्कार

काठमाडौं । चर्चित मिथिला चित्रकार रन्जु यादव राष्ट्रिय ललितकला पुरस्कार-२०७६ बाट पुरस्कृत भएकी छन् । जेठ २ गते बिहीबारदेखि सुरू भएको राष्ट्रिय ललितकला प्रदर्शनी-२०७६ को उद्घाटन समारोहमा उपप्रधानमन्त्री एवम् रक्षामन्त्री इश्वर पोखरेलले चित्रकार यादवलाई उक्त पुरस्कार हस्तान्तरण गरेका हुन् । नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानले हरेक वर्ष प्रदान गर्ने लोककला विधाअन्तर्गतको राष्ट्रिय ललितकला पुरस्कार चित्रकार यादवलाई दिइएको हो । राष्ट्रिय ललितकला प्रदर्शनी-२०७६ मा सहभागी 'छोरी बचाउ, छोरी पठाउ' शिर्षकको यादवको मिथिला चित्र उत्कृष्ट भएर उनलाई ६० हजार राशीको उक्त पुरस्कार प्रदान गरिएको हो । सप्तरीको राजविराज -१०, दिघवा निवासी यादव हाल काठमाडौंमा बसी व्यवसायिक चित्रकला क्षेत्रमा विगत ६ वर्षभन्दा बढी समयदेखि साधनारत हुन् । भारत र बंगलादेश भ्रमण गरेकी र एक दर्जनभन्दा बढी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चित्रकला प्रदर्शनीमा सहभागी भइसकेकी यादवको गत चैत्र महिनामा काठमाडौंमा एकल चित्रकला प्रदर्शनी सम्पन्न भएको थियो । लोककला विधा अन्तर्गतकै विशेष पुरस्कार सिरहाका हरेराम यादव र कैलालीका मिट्ठु थारू गरी दुई जनालाई प्रदान गरिएको छ । यस्तै, यस विधाअन्तर्गतकै प्रदेश विशेष पुरस्कार धनुषाकी रेमनी मण्डललाई प्रदान गरियो । विशेष पुरस्कार र प्रदेश पुरस्कारको राशि जनही २५ हजार रहेको छ ।

## तीन महिला सगरमाथामा

काठमाडौं । नेपाल भारत र चीनका तीन महिला आरोहीले सफल सगरमाथा आरोहण गरेका छन् । सन् २०२० मा २० लाख पर्यटक भित्रयाउने लक्ष्यसहित नेपाल सरकारद्वारा आयोजित नेपाल पर्यटन भ्रमण वर्ष २०२० को प्रवर्द्धनार्थ नेपाल, भारत र चीनका ३ महिला आरोही सगरमाथाको चुचुरोमा पुगेका हुन् । विश्वकै सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण गरेका चीनका मा लियामु, नेपालका कान्छी माया तामाङ्ग र भारतका कल्पना दासले प्रधानमन्त्री के.पी. ओली शर्माले हस्ताक्षर गरेको नेपाल पर्यटन भ्रमण वर्ष २०२० अङ्कित झण्डा सगरमाथाको शिखरबाट फहराएका हुन् ।

## तीर्थयात्री पास नपाउँदा फिर्ता

काठमाडौं । कैलाश मानसरोवर दर्शनका लागि सिमकोट पुगेका २० भारतीय तीर्थयात्री सिमकोटबाट बुधबार फिर्ता भएका छन् । सन्नी ट्रेकमार्फत कैलाश मानसरोवर दर्शनका लागि भारतको महाराष्ट्र प्रदेशबाट हुम्ला पुगेका २० भारतीय तीर्थयात्रीलाई चीन सरकारले कैलाश मानसरोवर पुग्न प्रवेशाज्ञा अनुमति नदिएपछि फिर्ता हुनुपरेको हो । प्रवेशाज्ञा अनुमतिका लागि ७५ जनाको समूहलाई चिनियाँ दूतावासमा पठाएको भएपनि दूतावासले ५५ लाई मात्र कैलाश मानसरोवर दर्शनको प्रवेशाज्ञा दिएको छ । सिमकोट पुग्दा दर्शन गर्न जानका लागि चिनियाँ दूतावासले प्रवेशाज्ञा नदिँदा दु:ख लागेको भारतीय तीर्थयात्रीहरूले बताएका छन् । सिमकोटमा ३०३ महिला र ३५९ पुरूष गरी ६९२ भारतीय तीर्थयात्री हुम्ला पुगेका छन् ।

## हुम्ला अस्पताललाई दूतावासको सहयोग

काठमाडौं । भारतीय राजदूतावासडौंले जिल्ला अस्पताल हुम्लालाई ११ प्रकारका औषधि र उपकरण सहयोग गरेको छ । भारतीय दूतावास हुम्लाका प्रतिनिधि जनकबहादुर शाहीले अस्पताका डाक्टर अमित विष्टलाई ती सामाग्री हस्तान्तरण गरेका छन् । हस्तान्तरण गरिएका औषधिमा ४ किलोवाट क्षमताको जेनेटर, २ वटा अक्सिजन सिलिन्डर, २ निमोलाइजर, २ अक्सिमिटर, २० वटा बडी व्याग लगायत छन् । जिल्ला अस्पताललाई औषधि र उपकरण प्राप्त भएपछि सेवाग्राही र पर्यटकलाई सेवा दिन सहज भएको डाक्टर विष्टले बताए ।

## आर्थिक समाचार

### सबै स्थानीय तहमा वाणिज्य बैङ्क

भैरहवा । प्रदेश पाँच सबै स्थानीय तहमा वाणिज्य बैङ्क पुग्ने पहिलो प्रदेश बनेको छ । प्रदेश पाँचका १०९ वटै स्थानीय तहमा वाणिज्य बैंङ्क पुगेका छन् । नेपाल राष्ट्र बैङ्कले प्रकाशन गरेको मुलुकको चालु आर्थिक बर्षको नौ महिनाको आर्थिक तथा वित्तीय स्थितीमा प्रदेश पाँचका सबै स्थानीय तहमा वाणिज्य बैङ्क पुगेको उल्लेख छ । यसअघि बैङ्क खुल्न बाँकी रहेको रोल्पाको सुनछहारी गाउँपालिकामा नेपाल एसबआई बैङ्कले शाखा खोलेपछि प्रदेश पाँच सबै स्थानीय तहमा वाणिज्य बैङ्क पुगेको हो ।

### एनआइसी एसियाको शाखा पिडारीचौकमा

जनकपुरधाम । प्रदेश २ का मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले वाणिज्य बैंकहरू आर्थिक क्षेत्रका साथै समाजिक क्षेत्रमा समेत उत्तरदायी हुनुपर्ने बताएका छन् । एनआइसी एसिया बैंकको जनकपुरस्थित पिराडी चौक शाखाको उद्घाटन गर्दै मुख्यमन्त्री राउतले बैंकहरूले निक्षेप संकलनका साथै लगानीको क्षेत्र समेत बढाउन सुझाव दिएका छन् । अहिलेको लगानी अनुत्पादक क्षेत्रमा बढी भएको उल्लेख गर्दै उनले प्रदेश सरकारको प्राथमिकता अनुसार कृषि, रोजगार लागयतको क्षेत्र पहिचान गरि लगानी बढाउनुपर्ने उल्लेख गरे ।

### 'जे पे गर्दा पनि आइएमई पे' सुविधा सञ्चालन

काठमाडौं । मोबाइलबाट नै विभिन्न बिलको भुक्तानी गर्न सकिने डिजिटल सुविधाहरूमा हाल 'आइएमई पे' को नाम अहिले चर्चामा छ । गुगल प्ले र एप स्टोरबाट सजिलै डाउनलोड गरि प्रयोग गर्न सकिने 'आइएमई पे' मोबाइल वालेट एपको "जे पे गर्दा पनि आइएमई पे" कार्यक्रम हालै सार्वजनिक पनि भएको छ । यही सन्देशलाई लिएर आइएमई पेले हालै "जे पे गर्दा पनि आइएमइ पे" नामक कार्यक्रम पनि सुरू गरिसकेको छ । नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त मोबाइल वालेट एप 'आइएमई पे' लाई आफ्नो फोनमा डाउनलोड गरी प्रमाणिकरण गरिएपछि बिजुली तथा खानेपानीको बिल, फोनको बिल, मोबाइलको रिचार्ज, टि.भीको रिचार्ज, हवाई जहाज तथा बसको टिकट, पेट्रोल पम्पमा भुक्तानी, केबलकारको टिकट, सिनेमाको टिकट, मोटरसाइकल तथा गाडीको मासिक भुक्तानीदेखि लिएर रेस्टुरेन्टहरू तथा अन्य पसल तथा स्टोरहरूमा पनि रकम भुक्तान गर्न सकिन्छ । आइएमई डिजिटल सोलुसन लिमिटेड (आइएमई पे) का प्रमुख कार्यकारी अधिकृत विकास नाहाटा भन्छन्, "आइएमई पे को प्रमुख लक्ष्य भनेको मोबाइलबाट गरिने भुक्तानी अर्थात् मोबाइल वालेटको प्रयोगलाई सजिलोभन्दा सजिलो बनाउनु नै हो । हाल आइएमई पे बाट गरिने भुक्तानीको सङ्ख्या उल्लेखनीय रूपमा बढेको छ र आउँदा दिनमा यो अझै बढ्दै जाने देखिएका कारण हामी आशावादी छौं । प्रयोगकर्ताहरूको जिज्ञासा र उत्सुकतालाई मध्यनजर गर्दै हामीले भुक्तानी गर्ने विभिन्न स्थानहरूको सङ्ख्यालाई पनि बढाउँदै लिएर जाने लक्ष्य लिएका छौं जसबाट सन् २०१९ को अन्त्यसम्म नेपालभर १ लाखभन्दा बढी स्थानहरूमा आइएमई पे बाट नै भुक्तानी गर्न सकिनेछ ।"










### बुद्धको काठमाडौं-कोलकाता हप्ताको ३ उडान

काठमाडौं । निजी क्षेत्रको हवाइसेवा प्रदायक कम्पनी बुद्ध एयरले काठमाडौंबाट भारतको कोलकातासम्मको हवाइ भाडादर निश्चित गरेको छ । कम्पनीका अनुसार काठमाडौं-कोलकाता उडानको दुईतर्फी भाडा प्रतियात्रु २२ हजार रूपैयाँ लाग्नेछ । काठमाडौं-कोलकाता भाडादर १० हजार ४ सय ४० रूपैयाँ तोकेको कम्पनीले कोलकाता- काठमाडौं भाडा भने ११ हजार ५ सय ६० रूपैयाँ तोकेको छ । बुद्धले आगामी जेठ १३ देखि कोलकातामा सोमबार, बुधबार र शुक्रबार गरी सातामा तीन दिन उडान हुने जनाएको छ । कोलकाता उडानमा बुद्धले नयाँ खरिद गरेको ७२ सीटे एटीआर ७२-५०० ले उडान गर्नेछ । ९ एनएमवाई कलसाइनको उक्त विमानको काठमाडौंको उडान नम्बर यु४ १६३ र कोलकाताको उडान नम्बर यु४ १६४ रहेको छ । काठमाडौंबाट कोलकातासम्मको हवाइ दूरी १ घण्टा ३० मिनेटको हुनेछ । गत वर्षको जुनबाट अन्तर्राष्ट्रिय उडानमा भारतको बनारसमा नियमित उडान गर्दै आएको बुद्धले कोलकातापछि गुवाहटीमा उडानको तयारी थालेको छ । गुवाहटीमा आगामी अगष्ट ३ (साउन १८) गतेदेखि साताको दुई उडान भर्ने तयारी गरेको छ । तर भारतको सिभिल एभिएसनले हालसम्म उडान अनुमति दिएको छैन ।

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं